# प्रमुख जिल्ला अधिकारीले
# हेर्नुपर्ने मुद्दाहरुको कार्यविधि म्यानुअल, २०८०




नेपाल सरकार

## गृह मन्त्रालय

# प्रमुख जिल्ला अधिकारीले हेर्नुपर्ने मुद्दाहरुको कार्यविधि म्यानुअल

## २०८०

नेपाल सरकार

## गृह मन्त्रालय

# सम्पादक मण्डल


**संयोजक**

**सहसचिव, भरत मणि रिजाल**
कानून तथा फैसला कार्यान्वयन महाशाखा

**समितिको सदस्यहरू**

**उपसचिव,अर्जुन पौडेल**
गृह मन्त्रालय

**उपसचिव,खडानन्द अधिकारी**
गृह मन्त्रालय

**उपसचिव(कानून), ऋषि पौडेल**
गृह मन्त्रालय

**कानून अधिकृत, दीपा जोशी**
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,

**शाखा अधिकृत, सुनिता थापा**
गृह मन्त्रालय

**कानून तथा फैसला कार्यान्वयन शाखा**

**कानून अधिकृत, प्रमोद बि.क.**

**ना.सु., गुरु प्रसाद पोखरेल**

**ना.सु.,शिव प्रसाद पौडेल**

**कम्प्यूटर अपरेटर, विनोद कुमार साह**

विषय सूची


| क्र.स. | विषय | पृष्ठ |
|---|---|---|
| | प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाहरुको सूची | i-viii |
| | प्रमुख जिल्ला अधिकारीलाई मुद्दा हेर्ने अधिकार | १-६ |
| | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्रका मुद्दाहरूसँग सम्बन्धित कसूर | ७-१४ |
| १. | परिच्छेद-२: सार्वजनिक शान्ति विरुद्धको कसूर | ७ |
| २. | परिच्छेद-५: सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर | ९ |
| ३. | आवश्यक वस्तु संरक्षण ऐन, २०१२ सम्बन्धी कसूर | ११ |
| ४. | घा खर्च सम्बन्धी व्यवस्था (सवारी तथा यातायात व्यवस्था ऐन, २०४९) | १३ |
| ५. | प्रचलित कानून बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ मा समावेश हुने भनी तोकिएको कुनै कसूर | १५-२३ |
| ५.१ | तथ्याङ्क ऐन,२०७९ अन्तर्गतको कसूर | १५ |
| ५.२ | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ अन्तर्गतको कसूर | १७ |
| ५.३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ अन्तर्गतको कसूर | २२ |
| ६. | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ मा समावेश गरेको कसूर। | २४-३३ |
| ७. | खाद्य ऐन, २०२३ अन्तर्गतका कसूर | ३३ |
| ८. | जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गतका कसूर | ३४ |
| ९. | दाना पदार्थ ऐन, २०३३ अन्तर्गतको कसूर | ३९ |
| १०. | नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन,२०३७ अन्तर्गतको कसूर | ३९ |
| ११. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ अन्तर्गतका कसूर | ४० |
| १२. | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अन्तर्गतको कसूर | ४२ |
| १३. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अन्तर्गतका कसूर | ४२ |
| १४. | विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ अन्तर्गतका कसूर | ४३ |
| १५. | शिक्षा ऐन, २०२८ अन्तर्गतका कसूर | ४४ |
| १६. | सामाजिक व्यवहार सुधार ऐन, २०३३ अन्तर्गतका कसूर | ४४ |
| १७. | कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अन्तर्गतका कसूर | ४६ |
| १८. | संक्रामक रोग ऐन,२०२०अन्तर्गतका कसूर | ४७ |
| १९. | सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ अन्तर्गतका कसूर | ४८ |
| २०. | फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अन्तर्गतका कसूर | ५२ |
| २१. | होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०७५ अन्तर्गतको कसूर | ५३ |
| २२. | प्रमुख जिल्ला अधिकारीसँग सम्बन्धित अन्य विषयहरु | ५५ |

# प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाहरुको सूची

| क.स. | कसूर र सम्बन्धित कानून | अनुसन्धान अधिकारी | मुद्धा हेर्ने अधिकारी/ निकाय | हदम्याद | कार्यविधि | पुनरावेदन म्याद |
|---|---|---|---|---|---|---|
| | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ भित्रका मुद्दाहरूसँग सम्बन्धित कसूर | | | | | |
| १. | भाग-२:फौजदारी कसूरहरु<br>परिच्छेद-२: सार्वजनिक शान्ति विरुद्धको कसूर | | | | | |
| १.१ | दफा ६०: गैरकानूनी भेला गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| १.२ | दफा ६१: गैरकानूनी भेला रोक्ने वा भंग गर्ने आदेश उल्लंघन गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | कसूर भएको मितिले तीन महिना | सामान्य | ७० दिन |
| १.३ | दफा ६३: हुलदङ्गा गर्न नहुने -जोखिमी हतियार नलिई गरेको भए | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| १.४ | दफा ६४: हुलदङ्गा गर्न दुरुत्साहन दिन नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| १.५ | दफा ६५: सार्वजनिक शान्ति खलल पार्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| १.६ | दफा ६६: राष्ट्रसेवकलाई बाधा विरोध गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| १.७ | दफा ६९: कर्फ्यू उल्लङ्घन गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| १.८ | दफा ७०: झुट्टा अफवाह फैलाउन नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| १.९ | दफा ७१: शान्ति भङ्ग गर्न घर, जग्गा, सवारी साधन दिन नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१० | दफा ७२: संवेदनशील सार्वजनिक क्षेत्रमा मसाल जुलुस गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | | सामान्य | ७० दिन |
| २. | परिच्छेद-५: सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर अन्तर्गत | | | | | |
| २.१ | दफा ११८: अभद्र व्यवहार गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | कसूर भएको मितिले ३ महिना | सामान्य | ७० दिन |
| २.२ | दफा १२२: सार्वजनिक स्थानमा यौनाङ्ग देखाउन नहुने | प्र.ना.नि. | प्र.जि.अ. | कसूर भएको मितिले ३ महिना | सामान्य | ७० दिन |
| २.३ | दफा १२३: सार्वजनिक स्थानमा यौन क्रिया गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | थाहा पाएको मितिले ६ महिना | सामान्य | ७० दिन |
| २.४ | दफा १२४: सार्वजनिक उपद्रयाई गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | थाहा पाएको मितिले ६ महिना | सामान्य | ७० दिन |
| २.५ | दफा १२५: जुवा खेल्न वा सट्टाबाजी गर्न नहुने | प्र.ना.नि. | प्र.जि.अ. | थाहा पाएको मितिले ६ महिना | सामान्य | ७० दिन |
| ३. | आवश्यक वस्तु संरक्षण सम्बन्धी कसूर(आवश्यक वस्तु संरक्षण ऐन, २०१२) | प्र.ना.नि. | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| ४. | सवारी साधनले किची, ठक्कर वा धक्का दिई वा दुर्घटना गराई कसैको ज्यान मरेको वा अङ्गभङ्ग वा घाइते भएको कसूरमा घा खर्च(सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३) | प्र.ना.नि. | प्र.जि.अ. | कसूर गरेको मितिले ३० दिन | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | प्रचलित कानून बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ मा समावेश हुने भनी तोकिएको देहायका कसूर | | | | | |
| ५.१ | तथ्याङ्क ऐन,२०७९ को दफा २७: मुद्दा हेर्ने अधिकारी र कार्यविधि | प्र.ना.नि. | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३० दिन |
| ५.२ | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ को दफा २८ को उपदफा (१) बाहेकका अन्य कसूर | प्र.ना.नि. | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ५.३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को दफा ४१(१)(छ),(ज),(झ),(ञ) अन्तर्गतको कसूर | प्र.ना.नि. | प्र.जि.अ. | जहिलेसुकै | संक्षिप्त | ३५ दिन |
| ६. | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ मा समावेश गरेको कसूर | | | | | |

| क.स. | कसूर र सम्बन्धित कानून | अनुसन्धान अधिकारी | मुद्दा हेर्ने अधिकारी/ निकाय | हदम्याद | कार्यविधि | पुनरावेदन म्याद |
|---|---|---|---|---|---|---|
| | प्रचलित कानून बमोजिम देहायका कसूरहरू | | | | | |
| ७. | खाद्य ऐन, २०२३ अन्तर्गतका देहायका कसूर | | | | | |
| ७.१ | दफा ४(ख): अनुज्ञापत्र नलिई तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, संचय वा प्रशोधन गर्न नहुने | खाद्य निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ७.२ | दफा ५(२): माथि उल्लिखित कसूर बाहेक यस ऐन वा यसको नियम विपरीत अन्य कुनै कार्य गर्न नहुने | खाद्य निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गतका देहायका कसूर | | | | | |
| ८.१ | दफा ३९: दण्ड सजाय | प्र.जि.अ. वा तोकेको अधिकृत | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ९. | दाना पदार्थ ऐन, २०३३ अन्तर्गतको कसूर | | | | | |
| ९.१ | दफा ३: दुषित दाना पदार्थको उत्पादन, बिक्री वितरण, नोक्सानी, पैठारी वा सञ्चय गर्न नहुने | दाना निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ९.२ | दफा ४: ढाँटी झुक्याई कमसल दाना पदार्थ बिक्री वितरण गर्न नहुने | दाना निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| ९.३ | दफा ८: यो ऐन वा यो ऐन अन्तर्गत बनेको वा जारी गरेको नियम वा आदेशको उल्लंघन गर्न नहुने | दाना निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १०. | नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन,२०३७ अन्तर्गतको कसूर | | | | | |
| १०.१ | दफा ८: प्रमाण- चिन्हको अनुचित प्रयोगमा प्रतिबन्ध | निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| १०.२ | दफा ९: परिषद् वा कार्यालयसँग मिल्दोजुल्दो नामको प्रयोगमा प्रतिबन्ध | निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| १०.३ | दफा १०: जनस्वास्थ्य र जन सुरक्षासम्बन्धी पदार्थको गुणस्तर तोक्न सकिने | निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| १०.४ | दफा ११: निकासी-पैठारी हुने पदार्थको गुणस्तर तोक्न सकिने | निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| १०.५ | दफा १३(५): यस ऐनको बर्खिलाप अन्य कार्य गर्न नहुने | निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | पशु वधशाला र मासु जाँच ऐन, २०५५ अन्तर्गतका कसूर | | | | | |
| ११.१ | दफा ३: इजाजतपत्र नलिई पशु बधशाला स्थापना गर्न वा मासु बिक्री गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.२ | दफा ८: पशु जाँच समेतको कार्यविधि नपुर्याइ पशु बध गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.३ | दफा ९: तोकेको समयमा बधशाला वा मासु निरीक्षकले तोकेको स्थान बाहेक अन्यत्र पशु बध गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.४ | दफा १०: मासु निरीक्षबाट मासु जाँच नभएको वा बिक्री वितरणका लागि रोक लगाइएको मासु बिक्री वितरण गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.५ | दफा ११: दफा २ को खण्ड (क) मा उल्लेखित पशु बाहेक रोगी वा कालगतिले मरेको र छाला सहितको मासु बिक्री गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.६ | दफा १२: अनुमति भएको मासुमा छाप चिन्ह नलगाई बिक्री गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| ११.७ | दफा १३: मिसावट गरी वा मासुको स्वभाविक गुण वा स्वाद परिवर्तन गरी बिक्री गर्न नहुने | मासु निरीक्षक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ७० दिन |
| १२. | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अन्तर्गतको देहायका कसूर | | | | | |
| १२.१ | दफा ९: पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो बाहेक अन्य मार्ग प्रयोग गर्न नहुने | रा.प.अन. प्रथम श्रेणीको प्राविधिक सहायक | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३. | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अन्तर्गतका देहायका कसूर | | | | | |
| १३.१ | दफा २४: कसूर र सजाय: दफा २४(४)(क),(ख),(ग) (घ) र २४(५) | तोकिएको अधिकारी | प्र.जि.अ. | कसूर भएको मितिले ३० दिन | सामान्य | ३५ दिन |
| १४. | विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ अन्तर्गतका देहायका कसूर | | | | | |
| १४.१ | दफा ३ विदेशमा लगानी गर्नमा प्रतिबन्ध | प्र.जि.अ. वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १४.२ | दफा ४(१): यो ऐनको वा यस ऐन अन्तर्गत जारि गरिएको सूचना, आदेश वा निर्देशनको उल्लघंन गर्न नहुने | प्र.जि.अ. वा तोकेको अधिकृत | जिल्ला अदालत | जहिलेसुकै | सामान्य | ७० दिन |
| १५. | शिक्षा ऐन, २०२८ अन्तर्गतका कसूर | | | | | |
| १५.१ | दफा १७(१): कसैले विद्यालयको सम्पत्ति हिनामिना नोक्सान गर्न नहुने | प्र.जि.अ. वा तोकेको अधिकृत | प्र.जि.अ. | जहिलेसुकै | सामान्य | ३५ दिन |
| १६. | सामाजिक व्यवहार सुधार ऐन, २०३३ अन्तर्गतका देहायका कसूर | | | | | |
| १६.१ | दफा ३: विवाह हुँदा तिलक लिन दिन नहुने | तोकिएको नेपाल प्रहरीको कर्मचारी | प्र.जि.अ. | कसूर भएको मितिले ३५ दिन | विशेष | ३५ दिन |
| १६.२ | दफा ४: दुलही पक्षले विवाह गर्दा नगद वा जिन्सी लिन नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १६.३ | दफा ५: दाइजोमा नियन्त्रण | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १६.४ | दफा ७: विवाहमा एकाउन्न जना भन्दा बढी जन्ति लैजान नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १६.५ | दफा ८: विवाह भोजमा एकाउन्न जना भन्दा बढीलाई निमन्त्रणा गर्न नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १६.६ | दफा ९: छैठी, न्वारन, जन्मदिवस, पास्नी, चुडाकर्म, ब्रतबन्ध, बूढो पास्नी गर्दा सो | | प्र.जि.अ. | | विशेष | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कर्मकाण्डसँग सम्बन्धित नजिकको नातेदार बाहेक अरु छरछिमेकी इष्टमित्रहरू मध्येबाट पच्चीस जनाभन्दा बढीलाई निमन्त्रणा गर्न नहुने | | | | | |
| १६.७ | दफा १०: पितृ कार्यको भोजमा पच्चीस जनाभन्दा बढीलाई निमन्त्रणा गर्न नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १६.८ | दफा ११: दाइजो आदि प्रदर्शन गर्न नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १६.९ | दफा १२: भड्किलो रूपमा घर सजाउन नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १६.१० | दफा २०(२): सरकारी कर्मचारी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको कर्मचारीले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गर्न नहुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |

**प्रमुख जिल्ला अधिकारीले हेर्ने मुद्दाहरुसँग सम्बन्धित अन्य ऐनहरु**

| क्र.स. | कसूर र सम्बन्धित कानून | अनुसन्धान अधिकारी | मुद्दा हेर्ने अधिकारी/ निकाय | हदम्याद | कार्यविधि | पुनरावेदन म्याद |
|---|---|---|---|---|---|---|
| १७. | **कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अन्तर्गतका कसूर** | | | | | |
| १७.१ | दफा ३: नाफाखोरी | नेपाल सरकारले तोकिदिएको अधिकारी | प्र.जि.अ. | अपराध भएको वा पत्ता लागेको ९० दिन भित्र | विशेष | ३५ दिन |
| १७.२ | दफा ४: माल वस्तुको विचलन | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १७.३ | दफा ५: जम्माखोरी तथा कृत्रिम अभाव | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १७.४ | दफा ६: झुक्याई बिक्री वितरण | | प्र.जि.अ. | | विशेष | ३५ दिन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७.५ | दफा ८: जरिवानाको उपल्लो हद र जरिवाना बापतको कैद | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १७.६ | दफा ११: झुठ्ठा सुराक वा उजुर बापत सजाय | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १७.७ | जफत भएको सामानको हकमा दफा १८ बमोजिम हुने | | प्र.जि.अ. | | विशेष | ३५ दिन |
| १८. | **संक्रामक रोग ऐन,२०२० अन्तर्गतका कसूर** | | | | | |
| १८.१ | दफा २: विशेष व्यवस्था गर्ने अधिकार | नेपाल प्रहरी | प्र.जि.अ. | कसूर भएको मितिले तीन महिना | विशेष | ३५ दिन |
| १८.२ | दफा ३: सजाय | नेपाल प्रहरी | प्र.जि.अ. | कसूर भएको मितिले तीन महिना | विशेष | ३५ दिन |
| १९. | **सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ अन्तर्गतका कसूर** | | | | | |
| १९.१ | परिच्छेद-४: निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी | नेपाल सरकारको अधिकृत कर्मचारी निरीक्षक | प्र.जि.अ. | अनुसन्धान समाप्त भएको मितिले २५ दिन भित्र | संक्षिप्त कार्यविधि ऐन, २०२८ | ३५ दिन |
| १९.२ | परिच्छेद ५: सजाय तथा पुनरावेदन | | प्र.जि.अ. | | | ३५ दिन |
| २०. | **फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अन्तर्गतका कसूर** | | | | | |
| २०.१ | दफा ३९: सजायः उपदफा(९), (१०) | प्र.ना.नि. | प्र.जि.अ. | - | विशेष | ३५ दिन |
| २१. | **होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०७५ अन्तर्गतका कसूर** | | | | | |
| २१.१ | दफा १०: दण्ड सजाय | प्र.ना.नि. | प्र.जि.अ. | - | विशेष | ३५ दिन |
| २२. | **प्रमुख जिल्ला अधिकारीसँग सम्बन्धित अन्य विषयहरु** | | | | | |

# प्रमुख जिल्ला अधिकारीलाई मुद्दा हेर्ने अधिकार

नेपाल सरकारले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९ ले दिएको अधिकार प्रयोग गरी मुलुकी अपराध संहिता, २०७४ को अन्तर्गतका देहाय बमोजिमका मुद्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले हेर्ने गरी तोकेको छ। स्थानीय प्रशासन ऐन,२०२८ को दफा ८ ले समेत केही मुद्दाहरुको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिएको छ।

**मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६९ः-**

**सम्बन्धित जिल्ला अदालतलाई अधिकारक्षेत्र हुनेः** (१) अपराध संहितामा उल्लिखित मुद्दामा जिल्ला अदालतले शुरु कारबाही, सुनुवाई र किनारा गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपराध संहितामा मुद्दा हेर्ने अधिकारी सम्बन्धमा छुट्टै व्यवस्था भएको वा सो संहितामा उल्लिखित मुद्दा मध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टै मुद्दा हेर्ने अधिकारी तोकिदिएकोमा त्यस्ता अधिकारीबाट त्यस्ता मुद्दाको शुरु कारबाही, कारबाही, सुनुवाई र किनारा गर्न बाधा पर्ने छैन।

(३) कानून बमोजिम कुनै अदालत, निकाय वा अधिकारीलाई मुद्दामा कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार भएको तर त्यस्तो अदालत वा निकाय गठन नभएको वा अधिकारी नतोकिएको अवस्थामा त्यस्तो अदालत वा निकाय गठन नभएसम्म वा अधिकारी नतोकिएसम्म त्यस्तो मुद्दाको कारबाही, सुनुवाई र किनारा गर्ने अधिकार समेत सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

**स्थानीय प्रशासन ऐन,२०२८ अन्तर्गतको व्यवस्थाः-**

दफा ८ **मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकारः** (१) देहायका मुद्दाहरूमा शुरू कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछः-

📖 (क) पाँचसय रूपैयाँसम्म बिगो भएको साधारण चोरी मुद्दा,

(ख) बगलीमारा मुद्दा,

(ग) ~..................

(घ) नपुग नापतौल प्रयोग गरी ठगेको मुद्दा,

(ङ) चली आएको देवी देवताको स्थानमा बाहेक स्त्रीजाति चौपाया मारेको सम्बन्धी मुद्दा,

---

📖 तेस्रो संशोधनद्वारा संशोधित।

~ कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय, २०३२ द्वारा झिकिएको।

(२) उपदफा (१) अन्तर्गतका पटके नजनिने मुद्दामा बढीमा 📖<u>पाँचसय रूपैयाँ</u> सम्म जरिबाना गरी छिनेको प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ र निजको निर्णय उपर पुनरावेदन लाग्नेछैन। 📖<u>पाँचसय रूपैयाँ</u> भन्दा बढी जरिबाना गरी छिनेको वा पटके जनिने मुद्दामा निजको निर्णय उपर पैतीस दिनभित्र →<u>जिल्ला अदालतमा</u> पुनरावेदन लाग्नेछ।

(३) प्रमुख जिल्ला अधिकारीले आफुकहाँ परेको उजुरीहरूको सिलसिलामा कुनै स्त्री वा नाबालकको धन सुरक्षित साथ राख्न लगाउन आवश्यक देखेमा 📖<u>नगरपालिका वा →गाउँपालिकाले</u> सहयोग लिई सो धन जिल्लाका कुनै गण्यमान्य व्यक्ति वा सरकारी कार्यालयको जिम्मामा सुरक्षित राख्न लगाउन सक्नेछ।

(४)●..... ...... ....

(५)●..... ..... .....

(६)☎...... ...... ..... प्रमुख जिल्ला अधिकारीले यो ऐन वा प्रचलित नेपाल कानून बमोजिम मुद्दा मामिलाहरूको कारबाही र किनारा गर्दा जुन ऐन अन्तर्गत मुद्दा मामिलाको कारबाही र किनारा गर्ने हो सो ऐन समेत उल्लेख गरी प्रचलित नेपाल कानून बमोजिमको म्यादभित्र कारबाही र किनारा गर्नु पर्दछ।

**दफा ९. <u>प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार</u>:** (१) अम्मल खाई सार्वजनिक स्थानमा बसेर लापरबाही साथ बोली हिँड्ने वा जथाभावी गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पक्रन लगाई अम्मलले नछाडेसम्म थुन्न सक्नेछ र अम्मलले छाडेपछि निजलाई मौखिक नसिहत दिन र फेरि पनि सोही कसूर गरेमा निजलाई पटकै पिच्छे बढीमा ⇔<u>एकहजार रूपैयाँ</u>सम्म जरिबाना गर्न सक्नेछ।

✍(२) बेवारिसी मालसामान फेला परेमा प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गर्दा नेपाल सरकारलाई कुनै रकम तिर्नु पर्ने ठहरिएको व्यक्तिको मालसामान भएमा सो कार्यान्वित गर्न चाहिने जति मालसामान बिक्री गरी सरकारी कोषमा दाखिला गर्नु पर्नेछ।

---

📖 तेस्रो संशोधनद्वारा संशोधित।

→ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

● न्याय प्रशासन सुधार (चौथो संशोधन) ऐन, २०४३ द्वारा संशोधित।

☎ तेस्रो संशोधनद्वारा झिकिएको।

⇔ चौथो संशोधनद्वारा संशोधित।

✍ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित

✹(२क) उपदफा (२) बमोजिमको मालसामान कुनै साहुको भएमा साहुलाई र सो बाहेक अन्य मालसामान भए धनी फेला परे धनीलाई र धनी फेला नपरे जसको घर जग्गामा फेला परेको छ उसैलाई दिनु पर्नेछ।

तर सार्वजनिक स्थानमा कुनै वस्तु फेला परेमा स्थानीय निकायमा बुझाई दिनु पर्नेछ।

✹(२ख) उपदफा (२क) बमोजिम मालसामान दिँदा फेला पार्नेले मालसामान पाउने भए त्यस्तो मालसामानको मूल्य कायम गरी सयकडा बीस सरकारी खातामा जम्मा गर्नु पर्नेछ र फेला पार्नेले मालसामान नपाउने भए फेला पार्नेलाई मालसामान प्राप्त गर्नेले सयकडा दश दिनु पर्नेछ।

(३) सरकारी वा आफ्ना घरायसी काममा कुनै सरकारी कर्मचारीले कसैलाई पनि बिना पारिश्रमिक करकापले काम गर्न लगाएमा प्रमुख जिल्ला अधिकारीले निज उपर प्रचलित नेपाल कानून बमोजिम कारबाही चलाउन वा निजामती सेवा नियमावली अनुसार विभागीय कारवाहीको लागि सम्बन्धित विभागीय प्रमुख समक्ष लेखी पठाउन सक्नेछ।

(४) प्रमुख जिल्ला अधिकारीले बाघ, चितुवा वा अन्य हिंस्रक जनावरले आफ्ना जिल्लाभित्रका कुनै ठाउँमा दुःख दिएको कुरा 🕮नगरपालिका वा →गाउँपालिकाले प्रतिवेदन गरेमा सो जनावरलाई मार्न लगाई छाला एवं शरीरका अन्य भाग सम्बन्धित वन कार्यालयमा बुझाइ दिन वा ⌖नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयले निर्देशन दिए बमोजिम गर्नु पर्दछ।

(५) कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो विक्रेतालाई खरीद बिक्री भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजार रूपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद गर्न वा दुबै सजाय गर्न सक्नेछ। प्रमुख जिल्ला अधिकारीले दिएको सजायमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(६) प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पँधेरो, पाटी पौवा, सत्तल धर्मशाला, मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नुपर्छ र भत्की बिग्री, नोक्सान हुन लागेमा त्यसको धनी, वारिस नगरपालिका वा गाउँपालिका वा गुठी संस्थानद्वारा मर्मत गर्न लगाउनु पर्दछ।

---

✹ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित

🕮 तेस्रो संशोधनद्वारा संशोधित।

→ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

⌖ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

♦(६क) सरकारी जग्गा सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभई कसैले घर बनाउनु हुँदैन। कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ। त्यस्तो आदेश दिँदा घर बनाई सकेको वा बनाईरहेको भए एक महिनाभित्र घर भत्काई लैजान समेत आदेश दिन सक्नेछ। सो म्यादभित्र घर भत्काई नलागेमा त्यस्तो घर बनाउनेलाई प्रमुख जिल्ला अधिकारीले पाँचहजार रूपैयाँसम्म जरिबाना गरी त्यस्तो घर भत्काउन सक्नेछ र त्यसरी घर भत्काउँदा लागेको खर्च समेत सम्बन्धित व्यक्तिबाट असुल गर्न सक्नेछ।

*..................

✍(७) मानसिक सन्तुलन गुमाएको कुनै व्यक्तिलाई नियन्त्रण नगरी त्यसै छाडा राखेमा कुनै व्यक्ति वा समाजलाई खतरा हुन्छ भन्ने लागेमा प्रमुख जिल्ला अधिकारीले निजको संरक्षक वा माथवर भए संरक्षक वा माथवर जिम्मा लगाउनु पर्नेछ र संरक्षक वा माथवर नभए निजलाई नजिकको अस्पतालमा राखी औषधि उपचारको व्यवस्था गर्नु पर्नेछ।

(८) कसैलाई कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठीक ठहरेमा पाँच रूपैयाँ दस्तुर लिई आवश्यक प्रमाणपत्र दिन सक्नेछ।

📖(९) उपदफा (१) र (७) ले दिएको अधिकार प्रयोग गरी प्रमुख जिल्ला अधिकारीले गरेको काम कारबाहीको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश भएको पैतीस दिनभित्र →जिल्ला अदालतमा उजुर गर्न सक्नेछ।

⁎(१०) परम्परादेखि चलिआएको धार्मिक पूजा आजा चलाउनु पर्ने अवस्थामा बाहेक बुद्ध जयन्ती, कृष्ण जन्माष्टमी, महाशिवरात्री, रामनवमी र एकादशीको पर्वको दिन वा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी पशुपंक्षी वध गर्न मनाई गरी तोकिदिएको धार्मिक स्थलमा कसैले पशुपन्छीको वध गरेमा प्रमुख जिल्ला अधिकारीले निजलाई पाँच सय रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र प्रमुख जिल्ला अधिकारीको त्यस्तो जरिबानाको आदेश उपर पुनरावेदन लाग्नेछैन।

---

♦ केही नेपाल ऐन (संशोधन) गर्ने ऐन, २०४३ द्वारा थप।

* केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा झिकिएको।

✍ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित।

📖 तेस्रो संशोधनद्वारा संशोधित।

→ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

⁎ पहिलो संशोधनद्वारा थप।

⌖(११) 🕮नगरपालिका क्षेत्रभित्र कसैले गाई वस्तुलाई सडकमा छाडा छोड्न हुँदैन र यसरी कसैले गाई वस्तुलाई सडकमा छाडा छोडेमा र त्यस्तो छाडा गाई वस्तुलाई सम्बन्धित 🕮नगरपालिकाले पक्री नथुनेको अवस्थामा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाई वस्तुलाई पक्री निजले उपयुक्त सम्झेको तरीका अपनाई लिलाम बिक्री गर्नु पर्नेछ र लिलाम बिक्रीबाट आएको रकम →गाउँपालिका वा नगरपालिकाको कोषमा दाखिला गर्नु पर्नेछ। लिलाम बिक्री हुँदा कसैले नसकारेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो गाई वस्तुलाई गाई वस्तुको धनी बाहेक अरू कसैलाई बिना मोल हस्तान्तरण गर्न सक्नेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनको लागि:-

(१) "गाई वस्तु" भन्नाले गोरू, भैंसी, राँगा, घोडा, भेडा र बाख्रा समेतलाई जनाउनेछ।

(२) "छाडा गाई वस्तु" भन्नाले गाई वस्तुको धनीले गोठाला वा अरू कुनै व्यक्ति नलगाई सडक बाटोमा छोडिराखेको गाई वस्तु सम्झनु पर्छ।

⌖(१२) उपदफा (११) उल्लङ्घन गर्ने गाई वस्तुको धनीलाई प्रमुख जिल्ला अधिकारीको आदेशले ✍तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ र उक्त सजायको आदेश उपर →जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

तर छाडा गाई वस्तुको धनीले पुनरावेदन सुन्ने अदालतबाट सफाई पाए पनि उपदफा (११) बमोजिम छाडा गाई वस्तुको लिलाम वा हस्तान्तरण भइसकेको कुरामा सो अदालतको फैसलाले कुनै प्रतिकूल असर पारेको मानिने छैन।

✶ **दफा १०... .... .....**

♦ **दफा १०क. सार्वजनिक सम्पत्तिको अभिलेख**: (१) सर्भे नापी नक्साबाट वा लालमोहर, खड्ग निशाना, ताम्रपत्र, शिलापत्र वा त्यस्तै आधिकारिक लिखतबाट देखिएका सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादिका लगत प्रमुख जिल्ला अधिकारीको कार्यालयले तयार गरी त्यसको अभिलेख राखी त्यसको एक एक प्रतिलिपि मालपोत कार्यालय र →गाँउपालिका वा नगरपालिकाको कार्यालयलाई दिनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि नेपाल सरकारको पूर्व स्वीकृति नलिई कसैले आवाद गर्न वा आवाद गर्ने अनुमति दिनु हुँदैन। आवाद गरेमा वा गर्न अनुमति दिएमा सो गर्न वा गर्ने अनुमति दिने व्यक्तिलाई बिगो बमोजिम जरिबाना वा तीन महिनासम्म कैद वा दुबै सजाय हुनेछ।

---

⌖ दोस्रो संशोधनद्वारा थप।

🕮 तेस्रो संशोधनद्वारा संशोधित।

→ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

✍ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित।

✶ केही नेपाल ऐन (संशोधन) गर्ने ऐन, २०४१ द्वारा खारेज।

♦ केही नेपाल ऐन (संशोधन) गर्ने ऐन, २०४३ द्वारा थप।

(३) कुनै सार्वजनिक जग्गा, पाटी, पौवा, सत्तल, पार्क, पोखरी, कुवा, गौचर, निकास इत्यादि कसैले दर्ता गराएको रहेछ भने सो दर्ता बदर हुनेछ। सो बमोजिम दर्ता बदर गराउन कुनै हदम्याद हुने छैन।

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ का मुद्दाहरूसँग सम्बन्धित कसूर

### भाग-२

### १. परिच्छेद-२: सार्वजनिक शान्ति विरुद्धको कसूर अन्तर्गत

१.१ दफा ६०: गैरकानूनी भेला गर्न नहुने: (१) कसैले गैरकानूनी भेला गर्न हुँदैन।

(२) देहायको कुनै काम गर्ने उद्देश्यले भएको पाँच जना वा पाँच जनाभन्दा बढी व्यक्तिहरुको भेलालाई गैरकानूनी भेला मानिनेछ-

(क) बलको प्रयोग वा प्रदर्शन गरी वा जोखिमी हातहतियार प्रदर्शन गरी,

(१) राष्ट्रसेवकलाई कानूनले तोकेको काम गर्न वा कर्तव्य पालना गर्न नदिने,

(२) कसैको सम्पत्ति लिने वा कब्जा गर्ने,

(३) कसैलाई बाटो, पानी, सार्वजनिक यातायात वा सञ्चार वा अन्य यस्तै कुनै कुरा उपभोग गर्ने हकबाट वञ्चित गर्ने,

(४) कुनै व्यक्तिलाई कानूनले गर्न नहुने काम गर्न लगाउने वा कानूनले गर्न पाउने काम गर्न नदिने।

(ख) कुनै कानून वा कानूनी कारबाहीको कार्यान्वयनमा बाधा अवरोध खडा गर्ने,

(ग) कैदको सजाय हुने कुनै कसूर गर्ने।

(३) गैरकानूनी भेला हो भन्ने कुरा थाहा पाउँदा पाउँदै कुनै व्यक्ति त्यस्तो भेलामा सहभागी भएमा निजलाई हातहतियार नलिई सहभागी भएको भए छ महिना सम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिबाना र हातहतियार लिएर सहभागी भएको भए एक वर्षसम्म कैद वा दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(४) कसैले आफू सहभागी नभई कसैलाई ज्याला दिई वा अरु कुनै किसिमले प्रलोभन वा दबाबमा पारी कुनै गैरकानूनी भेलामा सहभागी गराएमा निज स्वयं त्यस्तो गैरकानूनी भेलामा सहभागी भएको मानी उपदफा (३) बमोजिमको सजाय हुनेछ।

१.२ दफा ६१: गैरकानूनी भेला रोक्ने वा भङ्ग गर्ने आदेश उल्लङ्घन गर्न नहुने: (१) अधिकार प्राप्त अधिकारीले कुनै गैरकानूनी भेलालाई रोक्न वा भङ्ग गर्न आदेश दिएकोमा कसैले त्यस्तो भेलामा रहिरहन वा सहभागी हुन हुँदैन।

(२) उपदफा (१) बमोजिम गैरकानूनी भेलामा रही रहने, सहभागी हुने वा सहभागी हुन आउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१.३ दफा ६३: हूलदङ्गा गर्न नहुने: (१) कसैले हूलदङ्गा गर्न वा गराउन हुँदैन।

(२) कुनै गैरकानूनी भेलाले वा त्यस्तो भेलाको सहभागीले त्यस्तो भेलाको उद्देश्य प्राप्त गर्ने सिलसिलामा बल प्रयोग गरेमा वा सार्वजनिक वा निजी सम्पत्ति तोडफोड वा हानि, नोक्सानी गरेमा त्यस्तो भेलाको प्रत्येक सहभागीले हूलदङ्गा गरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने प्रत्येक व्यक्तिलाई जोखिमी हातहतियार लिई गरेको भए दुई वर्षसम्म कैद र बीस हजार रुपैयाँसम्म जरिबाना र जोखिमी हातहतियार नलिई गरेको भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

१.४ दफा ६४: <u>हूलदङ्गा गर्न दुरुत्साहन दिन नहुने</u>: (१) कसैले हूलदङ्गा गराउने नियतले वा हूलदङ्गा हुन सक्छ भन्ने जानीजानी कुनै व्यक्तिलाई हूलदङ्गा गर्न दुरुत्साहन दिन हुँदैन।

(२) उपदफा (१) बमोजिम दुरुत्साहन दिने व्यक्तिलाई हूलदङ्गा भइसकेकोमा एक वर्षसम्म र हूलदङ्गा भइसकेको रहेनछ भने छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१.५ दफा ६५: <u>सार्वजनिक शान्ति खलल पार्न नहुने</u>: (१) कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरुका बीचको सुसम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर कुनै देवस्थल वा पूजा वा प्रार्थना गर्ने ठाउँ वा धार्मिक, सांस्कृतिक चाड वा समारोह भइरहेको ठाउँमा गरेको भए उपदफा (२) बमोजिमको सजायमा थप एक वर्षसम्म कैद हुनेछ।

१.६ दफा ६६: <u>राष्ट्रसेवकलाई बाधा विरोध गर्न नहुने</u>: (१) कुनै राष्ट्रसेवकले आफ्नो कर्तव्य पालन गर्ने सिलसिलामा गैरकानूनी भेला रोक्ने, भङ्ग गर्ने वा हूलदङ्गा रोक्ने कुनै काम गर्दा कसैले बाधा विरोध पुर्याउन वा पुर्याउने उद्योग गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१.७ दफा ६९: <u>कर्फ्यू उल्लङ्घन गर्न नहुने</u>: (१) गैरकानूनी भेला वा हूलदङ्गा वा शान्ति भङ्ग हुने अन्य कुनै कामलाई रोक्न कानून बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको कर्फ्यू आदेशलाई कसैले जानीजानी उल्लङ्घन गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१.८ दफा ७०: <u>झुट्टा अफवाह फैलाउन नहुने</u>: (१) कसैले सार्वजनिक शान्ति भङ्ग गर्ने, हूलदङ्गा गर्ने वा नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदाय

बिचको सुमधुर सम्वन्धलाई खलल पार्ने नियतले कसैलाई उक्साउने गरी नभए नगरेको अफवाह फैलाउन, प्रचार प्रसार गर्न वा नारा जुलुश गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबना वा दुवै सजाय हुनेछ।

१.९ दफा ७१: <u>शान्ति भङ्ग गर्न घर, जग्गा वा सवारी साधन दिन नहुने</u>: (१) कुनै व्यक्तिले सार्वजनिक शान्ति भङ्ग गर्न वा हूलदङ्गागर्न लागेको कुरा थाहा पाउँदा पाउँदै वा थाहा पाउनु पर्ने मनासिब कारण हुँदा हुँदै त्यस्तो व्यक्तिलाई कसैले पनि आफ्नो घर, जग्गा, सवारी साधन वा हातहतियार उपलब्ध गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१.१० दफा ७२: <u>संवेदनशील सार्वजनिक क्षेत्रमा मशाल जुलुश गर्न नहुने</u>: (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, सुरक्षा, सार्वजनिक शान्ति वा शिष्टाचारको कारणले अधिकार प्राप्त अधिकारीको आदेशबाट संवेदनशील सार्वजनिक क्षेत्र भनी तोकिएको कुनै ठाउँमा कसैले सार्वजनिक शान्ति भङ्ग गर्ने नियतले मशाल जुलुश, आगोजन्य वा प्रज्वलनशील वस्तु लिई जुलुश, सभा गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

## २. <u>परिच्छेद-५: सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर अन्तर्गत:-</u>

२.१ दफा ११८: <u>अभद्र व्यवहार गर्न नहुने:-</u> (१) कसैले सार्वजनिक स्थान वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रूपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२.२ दफा १२२: <u>सार्वजनिक स्थानमा यौनाङ्ग देखाउन नहुने</u>:- (१) दश वर्षभन्दा माथिको व्यक्तिले स्वास्थ्य विज्ञान वा चिकित्सा सम्बन्धी उपचारको प्रयोजनका लागि बाहेक सार्वजनिक स्थानमा अश्लील क्रियाकलाप वा व्यवहार गर्न वा यौनाङ्ग देखाउन वा कसैलाई अश्लील शब्द बोल्न वा इशारा गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२.३ दफा १२३: सार्वजनिक स्थानमा यौन क्रिया गर्न नहुने:- (१) कसैले सार्वजनिक स्थानमा वा अरु मानिसले देखे गरी अन्य कुनै स्थानमा कसैसँग यौन क्रिया गर्न वा कुनै किसिमको अप्राकृतिक मैथुन गर्न हुदैंन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२.४ दफा १२४: सार्वजनिक उपद्रयाई गर्न नहुने:- (१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले कुनै काम गरी वा कानून बमोजिम गर्नु पर्ने कुनै काम नगरी छरछिमेक वा सर्वसाधारणलाई कुनै प्रकारको हानि, नोक्सानी, क्षति वा खतरा पुर्याउन वा झिझ्याहट गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

२.५ दफा १२५: जुवा खेल्न वा सट्टाबाजी गर्नु नहुने:- (१) कसैले जुवा खेल्नु वा खेलाउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछ:-

(क) पहिलो पटक जुवा खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीसहजार रुपैयाँसम्म जरिबाना,

(ख) दोस्रो पटकदेखि जुवा खेल्ने वा खेलाउनेलाई एक वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना र त्यसपछिको कसूरमा पटकै पिच्छे थप तीन महिनासम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना।

स्पष्टीकरण : यस संहिताको प्रयोजनको लागि,-

(१) "जुवा" भन्नाले कुनै संयोगको आधारमा कुनै किसिमको चल वा अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने वा हार्ने वा जित्ने गरी बाजी थापी खेल्ने कुनै किसिमको खेल वा प्रक्रिया सम्झनु पर्छ र सो शब्दले आफुले जुवा नखेली अरुको हार वा जितमा आफूले कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी थापेको बाजी वा च्याँखेलाई समेत जनाउँछ।

तर देहायको कुनै खेल वा कार्यक्रमलाई जुवा मानिने छैन :-

(क) कुनै सार्वजनिक महोत्सव, मेला, पर्व, चाड, प्रदर्शनी वा समारोहमा मनोरञ्जनका लागि कुनै सानोतिनो चल सम्पत्ति पाउने वा गुमाउने गरी नेपाल सरकारको स्वीकृति लिई सञ्चालन हुने खेल,

(ख) अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई सञ्चालन भएको चिट्ठा।

(२) जुवा खेलाउने" भन्नाले आफ्नो हक, भोग, चलन स्वामित्व वा जिम्मामा रहेको घर, कोठा, ठाउँ वा सवारी साधन जानीजानी उपलब्ध गराई वा जुवा खेल्नको लागि कुनै किसिमको साधन उपलब्ध गराई जुवा खेलाउने व्यक्ति सम्झनु पर्छ।

(३) जुवा खेल्न प्रयोग भएको साधन र जुवाबाट प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेछ।

तर जुवा खेलेको घर, कोठा, ठाउँ वा सवारी साधन जफत हुने छैन।

(४) कसैले सट्टाबाजी गर्नु वा गराउनु हुँदैन।

(५) उपदफा (४) को प्रयोजनको लागि कसैले कानून बमोजिम खेल खेलाउन हुने कुनै खेल वा प्रक्रियामा खास पक्षले हारेमा वा जितेमा कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी बाजी थापेमा सट्टाबाजीको कसूर गरेको मानिनेछ।

(६) उपदफा (४) बमोजिमको कसूर भएमा त्यसमा प्रयोग भएको बिगो जफत गरी कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(७) यस दफा बमोजिमको कसूरमा पटके कायम गर्दा अदालतबाट कसूरदार ठहरेको आधारमा कायम गरिनेछ।

३. <u>आवश्यक वस्तु संरक्षण सम्बन्धी कसूरः-</u> आवश्यक वस्तु संरक्षण ऐन, २०१२ मा उल्लेख भए बमोजिमः-

**दफा ३ः** <u>**अनधिकृत मानिसले गर्न नपाउने र गरेमा सजायः**</u> कसैले कुनै आवश्यक वस्तुमा अरूलाई लगाई वा आफैले हात हाल्न, झिक्न, चुंडाल्न र कुनै किसिमले बिगार्न, चोरीगर्न, गर्न लगाउन हुँदैन। सो गरे गर्न लगाए ऐन सवालले हुने सजायको थप ▲<u>बिगो र बिगो बमोजिमको दण्ड</u>, जरिबाना वा दुबै हुनेछ।

तर बनाउन मर्मत गर्नको लागि धनीबाट अधिकार प्राप्त व्यक्तिले चोरी बाहेक अरू माथि लेखिएका काम गरेमा निजलाई बात लाग्दैन भवितव्य पर्न गई कुनै आवश्यक वस्तुको नोक्सान हुन गएमा सो कुराको खबर मोफसलमा भए नजिकको कुनै सरकारी अड्डामा र सदरमा भए जिल्ला प्रशासन कार्यालयमा दियो भने यस दफा अन्तर्गतको कसूरदार हुँदैन। नोक्सानी गरेको बिगो भने बुझाउनै पर्छ।

---

▲ दोस्रो संशोधनद्वारा संशोधित।

**दफा ४: अनधिकृत मानिसलाई मद्दत दिन, दबाउन नपाउने र सो गरेमा सजाय:** कुनै स्थानका बासिन्दाहरूले उक्त चोरी बदमासी गर्नेहरूसँग मिलेमतो गरेको वा निजहरूलाई मद्दत गरेको वा त्यस्तालाई राखे पालेको अथवा ती चोर बदमासलाई लुकाई छिपाई राखेको वा कसूरबाट बचाउन खोजेको वा निचमारी रोक्न नखोजेको वा जानी जानी खबर नदिएको भए त्यस्ता मानिसलाई दफा ३ बमोजिम सजाय हुनेछ।

▲**दफा ५:→ स्थानीय तह वा प्रशासन अधिकृतको अधिकार:** आवश्यक वस्तुको सबैले हेरचाह गर्नु पर्छ सो नगरी कुनै इलाकामा आवश्यक वस्तु बराबर हराएमा, चोरिएमा वा अरू कुनै किसिमले हानी नोक्सानी पुर्याइएमा सबभन्दा नजिकको →गाउँपालिका वा नगरपालिकाले वा प्रशासन अधिकृतले पालो पहराको व्यवस्था गरी सुरक्षा गर्ने प्रबन्ध मिलाउनु पर्छ।

◈**दफा ६: कसूरदार उपर मनासिव माफिकको शक्ति प्रयोग गर्ने अधिकार:** कसूरदारलाई वारदात भएको ठाउँमा पक्राउ गर्न खोज्दा जबरजस्ती हुल हुज्जत गरी वा त्यसै भाग्न उम्कन खोज्यो भने त्यस्तालाई भाग्न उम्कन दिनु हुँदैन। सो गर्दा हातहतियार नचलाई नहुने भएमा प्रहरी फोर्सको हेडकन्सटेवल र सोभन्दा माथिका कुनै अधिकृतले वा ●नेपाली सेनाका पति र सोभन्दा माथिका कुनै अधिकृतले अन्य फोर्सका सो सरहका कुनै पति वा अधिकृतले आफै वा आफ्ना मातहतका अरूलाई अर्डर दिई भरसक घुँडामुनि हातहतियार चलाई वा गोली हानी पक्राउ गर्नुपर्छ। लेखिए बमोजिम पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बन्धित सरकारी कर्मचारीलाई बात लाग्ने छैन।

स्पष्टीकरण: यस दफाको प्रयोजनको निमित्त अन्य फोर्स भन्नाले मिलिसिया पाइनियर, ● रिजर्भ र ग्यारिजनलाई समेत जनाउँछ।

**दफा ७: किन्ने बेच्नेलाई सजाय:** आवश्यक वस्तु सम्बन्धी माल चोरीको हो भन्ने जानी जानी किन्ने बेच्ने राख्नेलाई दफा ३ बमोजिम सजाय हुनेछ।

+**दफा ९: मुद्दा हेर्ने अधिकार र पुनरावेदन :** यो ऐन अन्तर्गतको मुद्दा ☎ प्रमुख जिल्ला अधिकारीले हेर्नेछ र त्यस उपरको पुनरावेदन →जिल्ला अदालतमा लाग्नेछ।

---

▲ दोस्रो संशोधनद्वारा संशोधित।

→ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

◈ पहिलो संशोधनद्वारा संशोधित।

● गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा संशोधित।

+ न्याय प्रशासन सुधार (प्रथम संशोधन) ऐन, २०३३ द्वारा संशोधित।

☎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०४८ द्वारा संशोधित।

४. सवारी साधनले किची, ठक्कर वा धक्का दिई वा दुर्घटना गराई कसैको ज्यान मरेको वा अङ्गभङ्ग वा घाइते भएको कसूरमा घा खर्च (सवारी तथा यातायात व्यस्था ऐन, २०४९):

दफा १६३: घा खर्च, कृया खर्च र क्षतिपूर्ति भराई दिने: (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतिपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छः-

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृया खर्च बापत ◈पचास हजार रुपैयाँसम्म र क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेश्रो पक्षले पाउने दुर्घटना बीमाको रकम।

(ख) अङ्गभङ्ग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सो को क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्च बापत ◈पच्चीस हजार देखि पचास हजार रुपैयाँसम्म।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई कृयाखर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम σ प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्कालै औषधि खर्च बापत σप्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक, सवारी धनी वा व्यवस्थापकबाट ◈पच्चीस हजार रुपैयाँ दिलाई दिनु पर्छ। त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, कृया खर्च र क्षतीपूर्तिको कूल रकमको पाँच प्रतिशत भन्दा बढी चालकबाट भराइने छैन।

(५) उपदफा (१) वा (२) बमोजिम बुझाउनु पर्ने कृया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजातबाट पनि असूल उपर हुन सकेन भने सो उपर नभए जति रुपैयाँ निजबाट असूल उपर भएको जरिबाना मध्येबाट भराई दिनु पर्छ।

---

σ पहिलो संशोधनद्वारा संशोधित।

◈ लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

*(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति बापतको बीमा रकम यथाशीघ्र भराई दिनु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

## ५. प्रचलित कानून बमोजिम मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची -१ मा समावेश हुने भनी तोकिएको कुनै कसूरः-

### ५.१ तथ्याङ्क ऐन,२०७९:-

दफा २६: कसुर र सजायः (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम तथ्याङ्क सङ्कलन गर्ने कार्यमा अवरोध खडा गरेमा,

(ख) दफा ५ को उपदफा (४) वा दफा ६ को उपदफा (२) बमोजिम कुनै व्यक्तिगत तथा एकाइगत तथ्याङ्क सम्बन्धी जानकारी दिनु पर्ने कर्तव्य भएको कुनै व्यक्ति वा संस्थाले जानी-जानी त्यस्तो जानकारी नदिएमा वा दिन इन्कार गरेमा वा जानी-जानी कुनै तथ्याङ्क सम्बन्धी झुट्टा जानकारी दिएमा,

> दफा ५: तथ्याङ्क सङ्कलन गर्नेः
>
> (४) उपदफा (१), (२) वा (३) बमोजिमको आदेश वा सूचना बमोजिमको तथ्याङ्क उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।
>
> दफा ६: तथ्याङ्क परीक्षण गर्ने अधिकारः (१) प्रमुख तथ्याङ्क अधिकारी वा निजले खटाएको अधिकृतले दफा ५ बमोजिम सङ्कलन भएको तथ्याङ्कको सत्यताको परीक्षण गर्न सक्नेछ।
>
> (२) उपदफा (१) बमोजिम परीक्षण गर्दा प्रमुख तथ्याङ्क अधिकारी वा सम्बन्धित अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछः-
>
> (क) सङ्कलन भएको तथ्याङ्कको विश्वसनीयताको लागि त्यस्तो तथ्याङ्क सम्बन्धी विषयमा कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिब आधार भएमा निजसँग प्रश्न सोध्ने,
>
> (ख) सङ्कलन भएको तथ्याङ्क अपूर्ण भएमा वा सोको विश्वसनीयताको लागि थप तथ्याङ्क आवश्यक पर्ने भएमा तथ्याङ्क पुनः उपलब्ध गराउन सूचना दिने,
>
> (ग) तथ्याङ्क उपलब्ध गराउनु पर्ने कर्तव्य भएको व्यक्ति, संस्था, घर परिवारको भोगचलन वा नियन्त्रणमा रहेको भवन, जग्गा वा कम्पाउण्डमा पूर्वसूचना दिई प्रवेश गर्ने।

(ग) दफा ८ को उपदफा (१) बमोजिम अनुमतिपत्र नलिई तथ्याङ्क सङ्कलन गरे वा गराएमा,

> दफा ८: अनुमति सम्बन्धी व्यवस्थाः (१) राष्ट्रियस्तरको प्रतिनिधित्व हुने गरी तथ्याङ्क सङ्कलन वा प्रकाशन गर्न चाहने सरकारी निकाय वा कुनै संस्थाले कार्यालयबाट अनुमति लिनु पर्नेछ।

(घ) दफा ९ बमोजिम कार्यालयबाट प्रमाणित नगराई तथ्याङ्कको प्रयोग वा सोको नतिजा प्रकाशन गरेमा,

> दफा ९: तथ्याङ्क प्रमाणित गराउनु पर्नेः दफा ८ बमोजिम अनुमति प्राप्त गरी सङ्कलन गरिएको तथ्याङ्क प्रयोगमा ल्याउनु वा त्यस्तो तथ्याङ्कबाट प्राप्त नतिजा प्रकाशन गर्नु अघि कार्यालयबाट तोकिए बमोजिम प्रमाणित गराउनु पर्नेछ।

(ङ) आफ्नो जिम्मामा रहेको तथ्याङ्क, कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख लापरवाही

गरी वा जानी -जानी नष्ट गरे वा गराएमा वा अन्य किसिमबाट हानि नोक्सानी पुर्याएमा वा हानि नोक्सानी पुर्याउने प्रयत्न गरेमा,

(च) उपलब्ध तथ्याङ्क, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख दफा १० विपरीत प्रयोग गरे वा गराएमा

**दफा १०: गोपनीयता सम्बन्धी व्यवस्था:** (१) यस ऐनको अधीनमा रही जुनसुकै स्रोत वा माध्यमबाट प्राप्त व्यक्तिगत तथ्याङ्कको गोपनीयता कायम गर्ने प्रयोजनको लागि त्यस्तो तथ्याङ्क प्रयोग गर्दा वा गराउँदा कार्यालय, सरकारी निकाय वा संस्थाले देहाय बमोजिम गर्नु, गराउनु पर्नेछ:-

(क) त्यस्तो तथ्याङ्क तथा सोको कम्प्युटर डाटाबेस, विद्युतीय अभिलेख वा कुनै अंश सामुहिक तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गर्ने,

(ख) त्यस्तो तथ्याङ्क उपलब्ध गराउने व्यक्ति वा निजद्वारा अधिकारप्राप्त प्रतिनिधिको लिखित स्वीकृति बेगर सम्बन्धित अधिकारप्राप्त अधिकारी बाहेक अरू कसैलाई देखाउने, प्रकाशन गर्ने वा अन्य कुनै निकायमा प्रमाणको रूपमा पेश गर्ने कार्य नगर्ने।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चल्ने मुद्दाको अनुसन्धान वा सुनुवाइको क्रममा अनुसन्धान अधिकारी वा अदालतले माग गरेमा त्यस्तो तथ्याङ्क, कम्प्युटर डाटाबेस वा विद्युतीय अभिलेख उपलब्ध गराउन सो उपदफाले बाधा पुर्याएको मानिने छैन।

(छ) तथ्याङ्क सङ्कलक, उत्पादक र प्रयोगकर्ताले दफा १३ को उपदफा (२), (३) वा (४) बमोजिमको दायित्व पूरा नगरेमा,

**दफा १३: तथ्याङ्क सकंलक, उत्पादक र प्रयोगकर्ताको दायित्व:** (२) तथ्याङ्क सङ्कलकले तथ्याङ्क सङ्कलनको उद्देश्य विपरीत वा आफूखुशी तथ्याङ्क उल्लेख गर्न वा उत्तरदाताले दिएको तथ्याङ्कलाई तोडमरोड गरी सङ्कलन गर्न हुँदैन।

(३) तथ्याङ्क सङ्कलकले तथ्याङ्क सङ्कलन गर्दा प्राप्त गरेको कुनै पनि व्यक्तिगत विवरण जुन उद्देश्यले तथ्याङ्क सङ्कलन गरिएको हो, सो बाहेक अन्यत्र प्रयोग गर्न वा कसैलाई उपलब्ध गराउन हुँदैन।

(४) तथ्याङ्क उत्पादकले तथ्याङ्क उत्पादन वा प्रकाशन गर्दा र तथ्याङ्क प्रयोगकर्ताले तथ्याङ्क प्रयोग गर्दा सामाजिक तथा सांस्कृतिक सद्भाव र शान्ति सुव्यवस्थामा खलल नपर्ने गरी गर्नु पर्नेछ।

(ज) दफा १४ विपरीत तथ्याङ्कको उपयोग वा प्रकाशन गरेमा,

**दफा १४: प्रतिनिधित्व नहुने खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न नहुने:** (१) यस ऐन बमोजिम कुनै स्थान वा क्षेत्र विशेषमा गणना गरी सङ्कलन गरिएको तथ्याङ्कको आधारमा तथ्याङ्कीय प्रतिनिधित्व नभएको अन्य स्थान, क्षेत्र वा भौगोलिक वा प्रशासनिक एकाइको आर्थिक, सामाजिक, सांस्कृतिक वा अन्य यस्तै अवस्था देखाउने गरी खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न पाइने छैन।

(२) यस ऐन बमोजिम एकभन्दा बढी स्थान वा क्षेत्र विशेषमा सर्वेक्षण गरी तथ्याङ्क सङ्कलन गरिएकोमा समग्र तथ्याङ्कको आधारमा नतिजा तयार गर्न बाहेक सोको आधारमा कुनै खास स्थान वा क्षेत्रको मात्र आर्थिक, सामाजिक, सांस्कृतिक वा अन्य यस्तै अवस्था देखाउने गरी खण्डीकृत तथ्याङ्कको उपयोग वा प्रकाशन गर्न पाइने छैन।

(झ) यस ऐनको अधीनमा रही कसैलाई कुनै आदेश वा सूचना जारी भएकोमा कसैले त्यस्तो सूचना वा आदेश पालना नगर्नु भनी वा अधिकारप्राप्त अधिकारीबाट माग गरिएको कुनै तथ्याङ्क वा सूचना नदिनु वा उपलब्ध नगराउनु भनी प्रचार प्रसार गरे वा गराएमा वा त्यस्तो तथ्याङ्क वा सूचना नदिन दबाब दिएमा, वा

(ञ) यस ऐन विपरीत अन्य कुनै कार्य गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसुर गरेमा दश हजार रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (ख), (ज) वा (झ) बमोजिमको कसुर गरेमा प्रत्येक कसुरका लागि बीस हजार रुपैयाँसम्म जरिबाना वा छ महिनासम्म कैद वा दुवै सजाय,

(ग) खण्ड (ग), (घ), (ङ), (च) वा (छ) बमोजिमको कसुर गरेमा चालीस हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय, र

(घ) खण्ड (ञ) बमोजिमको कसुर गरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय।

(३) कुनै संस्थाले यस ऐन अन्तर्गतको कसुर गरेकोमा त्यस्तो कसुर गर्ने पदाधिकारी वा कर्मचारी पहिचान भएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई र पहिचान हुन नसकेकोमा कसुर गरेको बखत त्यस्तो संस्थाको प्रमुख भई काम गर्ने व्यक्तिलाई सजाय हुनेछ।

(४) यस ऐन बमोजिम सजाय हुने कसुरको उद्योग गर्ने, दुरुत्साहन गर्ने वा त्यस्तो कसुरको मतियारलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसुर मानिने रहेछ भने त्यस्तो कसुरमा सो कानून बमोजिम छुट्टै मुद्दा चलाई सजाय गर्न बाधा पुगेको मानिने छैन।

दफा २७: <u>मुद्दा हेर्ने अधिकारी र कार्यविधि:</u> (१) दफा २६ बमोजिमको कसुर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

## ५.२ <u>तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९: दफा २८ को उपदफा (१) बाहेकका अन्य कसूर:-</u>

दफा २८: <u>मुद्दा हेर्ने अधिकारी:</u> (१) दफा २३ को खण्ड (क) बमोजिम सजाय हुने मुद्दामध्ये निकासी वा पैठारी सम्बन्धी कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित भन्सार अधिकृतलाई हुनेछ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका यस ऐन अन्तर्गतका अन्य कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

**दफा २३ः <u>कसूर गरेको मानिनेः</u>** कसैले देहायका कुनै कार्य गरे वा गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ-

(क) दफा ३ बमोजिम अनुमतिपत्र नलिई तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री वितरण गरेमा वा दफा १४ बमोजिम स्वीकृती नलिई तेजाब वा अन्य घातक रासायनिक पदार्थ पैठारी गरेमा,

(ख) अनुमतिपत्र प्राप्त व्यक्तिले दफा ८ बमोजिमका शर्तको पालना नगरेमा,

दफा ८ः <u>अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नु पर्ने शर्तहरुः</u> (१) अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार, प्याकेजिङ्ग वा पुनः प्याकेजिङ्ग गर्दा देहाय बमोजिमका शर्तहरुको पालना गर्नु पर्नेछः-

(क) उत्पादन, भण्डारण, ओसारपसार, प्याकेजिङ्ग तथा पुनः प्याकेजिङ्ग सम्बन्धमा तोकिए बमोजिमका प्राविधिक शर्त र मापदण्ड पूरा गर्नु पर्ने,

(ख) उत्पादन गर्दा भण्डारण वा ओसारपसारको क्रममा टुटफुट नहुने, चुहावट नहुने र राखिएको भाँडोबाट बाहिर नआउने गरी सुरक्षित र उपयुक्त बोतल, कन्टेनर वा प्याकेटमा बन्दी गरी प्याकेजिङ्ग गर्नु पर्ने,

(ग) उत्पादन गर्दा बिक्री गरिने भाँडो, कन्टेनर वा प्याकेटमा प्रयोग विधि उल्लेख गर्नु पर्ने,

(घ) तोकिएकोभन्दा बढी परिमाणमा खुद्रा बिक्री गर्नु नहुने,

(ङ) खुद्रा बिक्री गरिने तेजाब वा अन्य घातक रासायनिक पदार्थ तोकिएको परिमाणभन्दा बढी परिमाणमा प्याकेटमा राख्न वा सिलबन्दी नगरी बोटलिङ गर्न नहुने,

(च) खुद्रा बिक्री गर्दा बिक्री गरिने भाँडो, कन्टेनर वा प्याकेट तोकिए बमोजिमको गुणस्तर र आकारमा हुनु पर्ने,

(छ) भाँडोमा सजिलै खोल्न नसकिने गरी सुरक्षित तवरले शिलबन्दी गर्नु पर्ने,

(ज) आफूले उत्पादन, निकासी, पैठारी, बिक्री वितरण गरेको तेजाब वा अन्य घातक रासायनिक पदार्थको मौज्दात तथा बिक्रीको विवरण, परिमाण, प्रकार र क्रेताको विवरण खुल्ने गरी अभिलेख राख्नु पर्ने,

(झ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको खरिद, बिक्री तथा तत्सम्बन्धी कागजात र अभिलेख अद्यावधिक राख्नु पर्ने,

(ञ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको प्राविधिक विवरण खुल्ने गरी कागजात राख्नु पर्ने,

(ट) तेजाब वा अन्य घातक रासायनिक पदार्थको भण्डारण वा प्रयोग गर्दा बालबालिका वा मानसिक रुपमा अस्वस्थ्य व्यक्तिको पहुँचमा नहुने गरी सुरक्षित रुपमा गर्नु पर्ने,

(ठ) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन वा भण्डारण स्थलमा जोखिमयुक्त क्षेत्र भएको व्यहोराको चेतावनीमूलक सन्देश सार्वजनिक रुपमा राख्नु पर्ने,

(ड) तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्दा खरिदकर्तालाई जुन प्रयोजनको लागि खरिद गरेको हो सोबाहेक अन्य प्रयोजनको लागि प्रयोग गरेमा कानून बमोजिम सजाय हुने कुराको जानकारी गराउनु पर्ने,

(ढ) तेजाब वा अन्य घातक रासायनिक पदार्थ निकासी गर्दा निकासी गर्ने स्थानसम्म सुरक्षित रुपमा पुऱ्याउनु पर्ने,
(ण) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, भण्डारण, निकासी, पैठारी, ओसारपसार वा बिक्री गर्दा प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने गरी कुनै शर्त निर्धारण गरेकोमा त्यस्तो शर्तको पालना गर्नु पर्ने,
(त) तोकिए बमोजिमका अन्य शर्तहरु।

(२) उपदफा (१) को खण्ड (त) बमोजिम शर्त तोक्दा तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार र बिक्रीको लागि फरक-फरक शर्त तोक्न सकिनेछ।

(३) तेजाब वा अन्य घातक रासायनिक पदार्थ राखिएको बोतल, कन्टेनर वा प्याकेटको आकार प्रकार तथा रङ्ग आम रुपमा प्रयोग गरिने पिउने पानी, दुध वा दुधजन्य पदार्थ, हल्का पेय पदार्थ, मदिराजन्य पदार्थको लागि प्रयोग गरिने आकार र प्रकारको भाँडो, बोतल वा प्याकमा राख्न र त्यस्तो पदार्थ जस्तो देखिने गरी प्याकेजिङ्ग गर्न पाइने छैन।

(४) तेजाब वा अन्य घातक रासायनिक पदार्थ भण्डारण वा ओसारपसार गर्दा चुहावट, आगलागी वा विष्फोट हुनबाट जोगाउन प्राविधिक रुपले आवश्यक पर्ने सुरक्षा व्यवस्थाको पालना गरी उपयुक्त र सुरक्षित रुपमा गर्नु पर्नेछ।

अनुमति लिने व्यक्ति वा फर्मले त्यस्तो कार्यमा संलग्न हुने व्यक्तिको तोकिए बमोजिम बिमा गराउनु पर्नेछ।

(५) तोकिएको खास किसिमका तेजाब वा अन्य घातक रासायनिक पदार्थ ओसारपसार गर्दा एक पटकमा तोकिएको परिमाणभन्दा बढी ओसारपसार गर्नु हुँदैन।
(६) तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, ओसारपसार, भण्डारण, बिक्री वितरण र प्रयोग गर्न अनुमति लिने व्यक्ति वा फर्मले त्यस्तो कार्यमा संलग्न हुने व्यक्तिको तोकिए बमोजिम बिमा गराउनु पर्नेछ।

(ग) अनुमतिपत्र प्राप्त व्यक्तिले दफा ९ बमोजिम बट्टा, प्याकेट वा बोतलको प्याकेजिङ्ग गर्दा लेबलको बाहिरी भागमा उल्लेख गर्नु पर्ने चेतावनीमूलक सन्देश र खतरा जनाउने चित्र उल्लेख नगरेमा,

दफा ९: <u>चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्नेः</u> (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थ उत्पादन गर्ने उत्पादकले त्यस्तो पदार्थको बट्टा, प्याकेट वा बोतलको प्याकेजिङ्ग र लेबलको बाहिरी भागमा खतराको सूचना जनाउने गरी समितिले निर्धारण गरे बमोजिमको चेतावनीमूलक सन्देश र खतरा जनाउने चित्र प्रष्ट रुपमा देख्ने र बुझ्ने गरी नेपाली भाषामा अङ्कित गर्नु पर्नेछ।
(२) उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको बिक्री वितरण गर्न पाइने छैन।

(घ) दफा १२ विपरीत तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण वा प्रदर्शन गरेमा,

दफा १२: <u>बिक्री वितरण तथा प्रदर्शनमा बन्देजः</u> (१) अनुमतिपत्र प्राप्त व्यक्तिले अठार वर्ष उमेर पूरा नभएको व्यक्तिलाई तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क वितरण गर्न वा गर्न लगाउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र त्यसरी माग गरेको प्रमाण देखाउन इन्कार गर्ने वा नदेखाउने व्यक्तिलाई तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री वितरण गर्न पाइने छैन।

(३) अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको बट्टा, प्याकेट वा बोतल सिलबन्दी वा बन्दी रुपमा बिक्री गर्नु पर्नेछ र त्यसलाई फोडी वा खोली खुल्ला रुपमा वा अर्को बट्टा वा भाँडोमा खन्याई वा राखी वा अन्य कुनै प्रकारले उत्पादन गर्दा प्याकेजिङ्ग गरिएकोभन्दा फरक रुपमा बिक्री गर्न सकिने छैन।

(४) अनुमतिपत्र प्राप्त व्यक्तिले बिक्री स्थलमा तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्रीको लागि राख्दा खरिदकर्ता वा अन्य व्यक्तिको सहज पहुँच नहुने गरी तथा त्यस्तो पदार्थको विशेष संरक्षण गरी राख्नु पर्नेछ।

(ङ) दफा १५ विपरीत तेजाब वा अन्य घातक रासायनिक पदार्थ विसर्जन वा नष्ट गरेमा,

दफा १५: तेजाब वा अन्य घातक रासायनिक पदार्थ नष्ट वा विसर्जन गर्ने: (१) तेजाब वा अन्य घातक रासायनिक पदार्थ नष्ट गर्दा वा विसर्जन गर्दा मानव, पशुपन्छी, जलचर, बोट बिरुवा वा अन्य जैविक वा गैरजैविक वस्तु तथा वातावरणमा प्रतिकूल असर नपर्ने गरी गर्नु पर्नेछ।

(२) तेजाब वा अन्य घातक रासायनिक पदार्थको फोहोर तथा सोको कन्टेनर नष्ट वा विसर्जन गर्नु पर्दा त्यस्तो पदार्थको प्रकृतिका आधारमा छुट्टाछुट्टै नष्ट वा विसर्जन गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्ने कुनै तेजाब वा अन्य घातक रासायनिक पदार्थजन्य फोहोर नष्ट वा विसर्जन गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ।

(च) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुने गरी अन्य कुनै काम गरेमा।

दफा २०: जिल्ला तेजाब वा अन्य घातक रासायनिक पदार्थ नियन्त्रण समिति: (१) प्रत्येक जिल्लामा तेजाब वा अन्य घातक रासायनिक पदार्थको नियन्त्रण गर्न जिल्ला तेजाब वा अन्य घातक रासायनिक पदार्थ नियन्त्रण समिति रहनेछ।

(२) जिल्ला समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरू रहनेछन्:-

| | |
|---|---|
| (क) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत | -संयोजक |
| (ख) नेपाली सेनाको अधिकृत प्रतिनिधि | -सदस्य |
| (ग) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि | -सदस्य |
| (घ) समितिले मनोनयन गरेको विज्ञान सम्बन्धी विषयमा कम्तीमा स्नातक उपाधि प्राप्त गरी कम्तीमा तीन वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको एकजना महिला | -सदस्य |
| (ङ)घरेलु तथा साना उद्योगसँग सम्बन्धित कार्यालयको प्रमुख | -सदस्य |
| (च) आन्तरिक राजस्व कार्यालयको अधिकृत प्रतिनिधि | -सदस्य |

दफा २१: जिल्ला समितिको काम, कर्तव्य र अधिकार: जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जिल्लाभित्रका अनुमतिपत्र प्राप्त व्यक्तिले तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार वा बिक्री वितरण गर्दा यो ऐन तथा यस ऐन

अन्तर्गत बनेको नियमको व्यवस्था तथा अनुमतिपत्रमा उल्लिखित शर्तको पालना भए नभएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गरी समितिलाई प्रतिवेदन गर्ने,

(ख) नष्ट वा विसर्जन गर्नु पर्ने तेजाब वा अन्य घातक रासायनिक पदार्थ यस ऐन बमोजिमको प्रक्रिया पूरा गराई नष्ट वा बिसर्जन गर्ने वा गराउने,

(ग) तोकिए बमोजिमका अन्य काम गर्ने।

दफा २२: प्रतिवेदन पेश गर्ने: (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिमको विवरण खुलाई मन्त्रालयमा प्रतिवेदन पेश गर्न पर्नेछ।

(२) जिल्ला समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र तोकिए बमोजिमको विवरण खुलाई समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

दफा २४: सजाय: कसैले दफा २३ बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ:-

(क) दफा २३ को खण्ड (क) बमोजिमको कुनै कसूर गरेमा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना र तीन महिनादेखि एक वर्षसम्म कैद,

(ख) दफा २३ को खण्ड (ख) बमोजिमको कुनै कसूर गरेमा दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय,

(ग) दफा २३ को खण्ड (ग) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय,

(घ) दफा २३ को खण्ड (घ), (ङ) वा (च) बमोजिमको कसूर गरेमा दश हजार रुपैयाँदेखि चालीस हजार रुपैयाँसम्म जरिबाना।

दफा २५: क्षतिपूर्ति सम्बन्धी व्यवस्था: (१) यस ऐन विपरीत तेजाब वा अन्य घातक रासायनिक पदार्थको उत्पादन, निकासी, पैठारी, भण्डारण, ओसारपसार, बिक्री वितरण, नष्ट वा बिसर्जन गरेको वा यस ऐन बमोजिम पालना गर्नु पर्ने शर्त पालना नगरेको कारणबाट कुनै दुर्घटना भई कसैको जीउ, ज्यान वा शारीरिक अङ्ग वा सम्पत्तिमा हानि, नोक्सानी वा क्षति भएमा सम्बन्धित व्यक्तिले त्यसबाट पीडितलाई वा निजको मृत्यु भई सकेको भए निजको एकासगोलको पति वा पत्नी, छोरा, छोरी, बाबु वा आमालाई क्षति र परेको असरको आधारमा मनासिब क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति पीडित बा निजको मृत्यु भइसकेकोमा उपदफा (१) बमोजिमको निजको हकवालाको उजुरी बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीले भराई दिनु पर्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा दायर भएको मुद्दाको क्षतिपूर्तिको हकमा सोही अदालतको फैसला बमोजिम हुनेछ।

**दफा २६ः धरौटीमा राख्न सकिनेः** (१) यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धानको सिलसिलामा कब्जा गरिएको तेजाब वा अन्य घातक रासायनिक पदार्थ मुद्दा हेर्ने अधिकारीको आदेश बमोजिम अन्य अनुमतिपत्र प्राप्त व्यक्तिलाई प्रचलित बजार मूल्यमा बिक्री गरी प्राप्त रकम मुद्दाको अन्तिम किनारा नलागेसम्म धरौटीमा राख्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम तेजाब वा अन्य घातक रासायनिक पदार्थ बिक्री हुन नसकेमा त्यसको सुरक्षित रुपमा भण्डारण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सुरक्षित रुपमा भण्डारण गर्न नसकिने तेजाब वा अन्य घातक रासायनिक पदार्थको तोकिए बमोजिम अभिलेख राखी दफा १५ बमोजिम नष्ट वा विसर्जन गर्नु पर्नेछ।

**दफा २७ः जफत गरिनेः** (१) कसैले दफा २३ को खण्ड (क),(ख),(ग) वा (घ) बमोजिमको कसूर गरेको ठहरेमा र त्यस्तो कसूर सम्बन्धी तेजाब वा अन्य घातक रासायनिक पदार्थ दफा २६ बमोजिम कब्जा भई बिक्री भएको वा भण्डारण भएको भएमा त्यस्तो धरौटी रकम वा तेजाब वा अन्य घातक रासायनिक पदार्थ जफत हुनेछ।

(२) उपदफा (१) बमोजिम जफत भएको तेजाब वा अन्य घातक रासायनिक पदार्थको तोकिए बमोजिम अभिलेख राखी दफा १५ बमोजिम नष्ट वा विसर्जन गर्नु पर्नेछ।

५.३ राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को दफा ४१(१)(छ),(ज),(झ),(ञ) अन्तर्गतको कसूरः-

**दफा ४१. कसुर र सजायः** (१) कसैले देहायको कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः-

(छ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी विवरण सङ्कलन, प्रशोधन वा भण्डारण सम्बन्धी काम वा सेवा प्रवाह वा सो सम्बन्धी कार्यमा बाधा अवरोध पुऱ्याउने,

(ज) परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा भएको विवरण आफूखुसी थपघट गर्ने, केरमेट गर्ने वा सच्याउने,

(झ) झुट्टा विवरण दिई दफा ४७ बमोजिमको परिचयपत्र लिएमा वा त्यस्तो परिचयपत्रको विवरण आफूखुसी थपघट गरेमा, केरमेट गरेमा वा सच्याएमा,

(ञ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम प्रतिकूलको अन्य कुनै कार्य गर्ने।

**दफा ४२. मुद्दा हेर्ने अधिकारीः** (१) दफा ४१ को उपदफा (१) को (छ), (ज), (झ) वा (ञ) बमोजिमका मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) मा उल्लिखित मुद्दा बाहेक यस ऐन बमोजिमका अन्य मुद्दाको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले सुरु कारबाही र किनारा गरेको मुद्दाको पुनरावेदन सम्बन्धित जिल्ला अदालतमा र उपदफा (२) बमोजिम जिल्ला अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दाको पुनरावेदन सम्बन्धित उच्च अदालतमा लाग्नेछ।

(४) उपदफा (३) बमोजिम पुनरावेदन गर्दा निर्णय भएको पैतीँस दिन भित्र गर्नुपर्नेछ।

६. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी मुलुकी फौजदारी कार्यविधि संहिताको अनुसूची-१ मा समावेश गरेको कसूर।

खण्ड ६८) संख्या २२ नेपाल राजपत्र भाग ५ मिति २०७५।५।४

## भाग ५

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सूचना

### सूचना १

नेपाल सरकारले फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १६९ ले दिएको अधिकार प्रयोग गरी मुलुकी अपराध (संहिता) ऐन, २०७४ अन्तर्गतका देहाय बमोजिमका मुद्दा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले हेर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(१) दफा ७३ बमोजिम आवश्यक वस्तु तोडफोड वा हानि नोक्सानी गरे बापत थप सजाय हुने अवस्थामा बाहेक दफा ६०, ६१, ६४, ६५ को उपदफा (१) र (२), ६६, ६९, ७०, ७१ र ७२ बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(२) दफा ८४, ८५, ८६, ८७, ११३, ११६, ११७, ११८, १२२, १२३, १२४, १२५ (उपदफा (४) बाहेक), १६५, २९० र २९१ बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(३) प्रकरण (१) र (२) मा उल्लिखित मुद्दासँग सम्बन्धित दफा ७५, ७६, ७७, ७८, ७९, ८०, ८२, ८३, ९८ र १०० बमोजिमको कसूर सम्बन्धी मुद्दा,

(४) प्रकरण (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित जिल्ला अदालतले हेर्ने मुद्दासँगै सो प्रकरणमा उल्लिखित मुद्दा समेत हेर्नु पर्ने भएमा त्यस्तो मुद्दा सम्बन्धित जिल्ला अदालतले नै हेर्ने ।

६३

१) दफा ७३ बमोजिम आवश्यक वस्तु तोडफोड वा हानि नोक्सानी गरे बापत थप सजाय हुने अवस्थामा बाहेक दफा ६०, ६१, ६४, ६५ को उपदफा (१) र (२), ६६, ६९, ७०, ७१ र ७२ बमोजिमको कसूर सम्बन्धी मुद्दा,

दफा ६०: गैरकानूनी भेला गर्न नहुने: (१) कसैले गैरकानूनी भेला गर्न हुँदैन।

(२) देहायको कुनै काम गर्ने उद्देश्यले भएको पाँच जना वा पाँच जनाभन्दा बढी व्यक्तिहरुको भेलालाई गैरकानूनी भेला मानिनेछ -

(क) बलको प्रयोग वा प्रदर्शन गरी वा जोखिमी हातहतियार प्रदर्शन गरी,

(१) राष्ट्रसेवकलाई कानूनले तोकेको काम गर्न वा कर्तव्य पालना गर्न नदिने,

(२) कसैको सम्पत्ति लिने वा कब्जा गर्ने,

(३) कसैलाई बाटो, पानी, सार्वजनिक यातायात वा सञ्चार वा अन्य यस्तै कुनै कुरा उपभोग गर्ने हकबाट वञ्चित गर्ने,

(४) कुनै व्यक्तिलाई कानूनले गर्न नहुने काम गर्न लगाउने वा कानूनले गर्न पाउने काम गर्न नदिने।

(ख) कुनै कानून वा कानूनी कारबाहीको कार्यान्वयनमा बाधा अवरोध खडा गर्ने,

(ग) कैदको सजाय हुने कुनै कसूर गर्ने।

दफा ६१: गैरकानूनी भेला रोक्ने वा भङ्ग गर्ने आदेश उल्लङ्घन गर्न नहुने: (१) अधिकार प्राप्त अधिकारीले कुनै गैरकानूनी भेलालाई रोक्न वा भङ्ग गर्न आदेश दिएकोमा कसैले त्यस्तो भेलामा रहिरहन वा सहभागी हुन हुँदैन।

(२) उपदफा (१) बमोजिम गैरकानूनी भेलामा रही रहने, सहभागी हुने वा सहभागी हुन आउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

दफा ६४: हूलदङ्गा गर्न दुरुत्साहन दिन नहुने: (१) कसैले हूलदङ्गा गराउने नियतले वा हूलदङ्गा हुन सक्छ भन्ने जानीजानी कुनै व्यक्तिलाई हूलदङ्गा गर्न दुरुत्साहन दिन हुँदैन।

(२) उपदफा (१) बमोजिम दुरुत्साहन दिने व्यक्तिलाई हूलदङ्गा भइसकेकोमा एक वर्षसम्म र हूलदङ्गा भइसकेको रहेनछ भने छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

दफा ६५: सार्वजनिक शान्ति खलल पार्न नहुने: (१) कसैले लेखेर, वचनले वा आकार वा चिह्नद्वारा वा अरु कुनै किसिमबाट धर्म, वर्ण, जात, जाति, सम्प्रदाय वा भाषाको आधारमा नेपालका विभिन्न वर्ग, क्षेत्र वा समुदायका व्यक्तिहरुका बीचको सुसम्बन्धमा खलल पार्ने काम गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

**दफा ६८: राष्ट्रसेवकलाई बाधा विरोध गर्न नहुने:** (१) कुनै राष्ट्रसेवकले आफ्नो कर्तव्य पालन गर्ने सिलसिलामा गैरकानूनी भेला रोक्ने, भङ्ग गर्ने वा हूलदङ्गा रोक्ने कुनै काम गर्दा कसैले बाधा विरोध पुर्याउन वा पुर्याउने उद्योग गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ६९: कर्फ्यू उल्लङ्घन गर्न नहुने:** (१) गैरकानूनी भेला वा हूलदङ्गा वा शान्ति भङ्ग हुने अन्य कुनै कामलाई रोक्न कानून बमोजिम अधिकार प्राप्त अधिकारीले दिएको कर्फ्यू आदेशलाई कसैले जानीजानी उल्लङ्घन गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ७०: झुट्टा अफबाह फैलाउन नहुने:** (१) कसैले सार्वजनिक शान्ति भङ्ग गर्ने, हूलदङ्गा गर्ने वा नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायबिचको सुमधुर सम्वन्धलाई खलल पार्ने नियतले कसैलाई उक्साउने गरी नभए नगरेको अफबाह फैलाउन, प्रचार प्रसार गर्न वा नारा जुलुश गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ७१: शान्ति भङ्ग गर्न घर, जग्गा वा सवारी साधन दिन नहुने:** (१) कुनै व्यक्तिले सार्वजनिक शान्ति भङ्ग गर्न वा हूलदङ्गा गर्न लागेको कुरा थाहा पाउँदा पाउँदै वा थाहा पाउनु पर्ने मनासिब कारण हुँदा हुँदै त्यस्तो व्यक्तिलाई कसैले पनि आफ्नो घर, जग्गा, सवारी साधन वा हातहतियार उपलब्ध गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ७२: संवेदनशील सार्वजनिक क्षेत्रमा मशाल जुलुश गर्न नहुने:** (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक वा प्रादेशिक अखण्डता, सुरक्षा, सार्वजनिक शान्ति वा शिष्टाचारको कारणले अधिकार प्राप्त अधिकारीको आदेशबाट संवेदनशील सार्वजनिक क्षेत्र भनी तोकिएको कुनै ठाउँमा कसैले सार्वजनिक शान्ति भङ्ग गर्ने नियतले मशाल जुलुश, आगोजन्य वा प्रज्वलनशील वस्तु लिई जुलुश, सभा गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

२) दफा ८४, ८५, ८६, ८७, ११३, ११६, ११७, ११८, १२२, १२३, १२४, १२५ (उपदफा (४) बाहेक), १६५, २९० र २९१ बमोजिमको कसूर सम्बन्धी मुद्दा,

**दफा ८४:** **झुट्टा जानकारी दिन नहुने:** (१) कसैले कुनै राष्ट्रसेवकलाई निजले कानून बमोजिम गर्नु पर्ने काम गर्नबाट रोक लगाउन वा गर्न नपर्ने वा गर्न नहुने काम गर्न लगाउने नियतले कसैलाई झुट्टा जानकारी दिन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ८५:** **बाधा विरोध गर्न नहुने:** (१) आफ्नो पदीय कर्तव्यको पालना गर्न लागेको कुनै राष्ट्रसेवकलाई कसैले जोर जुलुम वा हूल हुज्जत गरी वा अन्य कुनै किसिमले बाधा विरोध गरी कर्तव्य पालन गर्न अवरोध पुर्याउनु हुँदैन।

(२) कसैले कानून बमोजिम हुन लागेको कुनै सम्पत्तिको जायजात, तायदाती, रोक्का, लिलाम वा बिक्रीको प्रक्रियामा जानीजानी बाधा विरोध गर्नु हुँदैन।

(३) उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ८६:** **राष्ट्रसेवकलाई मद्दत दिन इन्कार गर्न नहुने:** (१) कुनै राष्ट्रसेवकले आफ्नो पदीय कर्तव्य पालन गर्दा त्यस्तो काममा मद्दत दिनु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले त्यस बमोजिम मद्दत दिन इन्कार गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ८७:** **आदेशको अवज्ञा गर्न नहुने:** (१) कसैले अधिकारप्राप्त अधिकारीको कानून बमोजिमको आदेश अनुसार कानून बमोजिम गर्नु पर्ने काम नगरी वा गर्न नहुने काम गरी त्यस्तो आदेशको अवज्ञा गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ११३:** **सार्वजनिक बाटो, नदी वा स्थलमा खतरा वा बाधा पुर्याउन नहुने:** (१) कसैले कुनै काम गरी वा आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मामा रहेको सम्पत्तिको स्याहार सम्भार नगरी सार्वजनिक बाटो, नदी वा अन्य कुनै सार्वजनिक स्थलमा कसैलाई कुनै खतरा, बाधा वा अवरोध पुर्याउन हुँदैन।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

**दफा ११६:** <u>पशुपंक्षी राख्दा लापरबाही गर्न नहुने:</u> (१) कसैले आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मामा रहेको हिंस्रक वा अन्य कुनै पशुपंक्षी राख्दा वा पाल्दा त्यस्तो कार्यबाट वा त्यस्तो पशुपंक्षीबाट कसैको ज्यान जान सक्ने वा कसैलाई चोट पुग्न सक्ने खतरालाई रोक्न आवश्यक पूर्वसावधानीको बन्दोवस्त नगरी वा लापरबाही गरी त्यस्तो पशुपंक्षी राख्न वा पाल्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ११७:** <u>पशुपंक्षी छाडा छाड्न नहुने:</u> कसैले आफ्नो वा आफ्नो नियन्त्रण वा जिम्मा रहेको कुनै पशुपंक्षी अर्काको घर, जग्गामा वा सार्वजनिक बाटो घाटो वा सार्वजनिक स्थलमा छाडा छोड्न हुँदैन।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ११८:** <u>अभद्र व्यवहार गर्न नहुने:</u> (१) कसैले सार्वजनिक स्थान वा प्रवेश गर्न कानूनी अधिकार नभएको ठाउँमा प्रवेश गरी कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रूपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा १२२:** <u>सार्वजनिक स्थानमा यौनाङ्ग देखाउन नहुने:</u> (१) दश वर्षभन्दा माथिको व्यक्तिले स्वास्थ्य विज्ञान वा चिकित्सा सम्बन्धी उपचारको प्रयोजनका लागि बाहेक सार्वजनिक स्थानमा अश्लील क्रियाकलाप वा व्यवहार गर्न वा यौनाङ्ग देखाउन वा कसैलाई अश्लील शब्द बोल्न वा इशारा गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा १२३:** <u>सार्वजनिक स्थानमा यौन क्रिया गर्न नहुने:</u> (१) कसैले सार्वजनिक स्थानमा वा अरु मानिसले देख्ने गरी अन्य कुनै स्थानमा कसैसँग यौन क्रिया गर्न वा कुनै किसिमको अप्राकृतिक मैथुन गर्न हुदैंन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

दफा १२४: <u>सार्वजनिक उपद्रयाई गर्न नहुने</u>:/ (१) कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले कुनै काम गरी वा कानून बमोजिम गर्नु पर्ने कुनै काम नगरी छरछिमेक वा सर्वसाधारणलाई कुनै प्रकारको हानि, नोक्सानी, क्षति वा खतरा पुर्याउन वा झिझ्याहट गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

दफा १२५: <u>जुवा खेल्न वा सट्टाबाजी गर्नु नहुने</u>:/ (१) कसैले जुवा खेल्नु वा खेलाउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) पहिलो पटक जुवा खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीसहजार रुपैयाँसम्म जरिबाना,

(ख) दोस्रो पटकदेखि जुवा खेल्ने वा खेलाउनेलाई एक वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना र त्यसपछिको कसूरमा पटकै पिच्छे थप तीन महिनासम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना।

<u>स्पष्टीकरण</u> : यस संहिताको प्रयोजनको लागि,-

(१) "जुवा" भन्नाले कुनै संयोगको आधारमा कुनै किसिमको चल वा अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने वा हार्ने वा जित्ने गरी बाजी थापी खेल्ने कुनै किसिमको खेल वा प्रक्रिया सम्झनु पर्छ र सो शब्दले आफूले जुवा नखेली अरुको हार वा जितमा आफूले कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी थापेको बाजी वा च्याँखेलाई समेत जनाउँछ।

तर देहायको कुनै खेल वा कार्यक्रमलाई जुवा मानिने छैन :-

(क) कुनै सार्वजनिक महोत्सव, मेला, पर्व, चाड, प्रदर्शनी वा समारोहमा मनोरञ्जनका लागि कुनै सानोतिनो चल सम्पत्ति पाउने वा गुमाउने गरी नेपाल सरकारको स्वीकृति लिई सञ्चालन हुने खेल,

(ख) अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई सञ्चालन भएको चिठ्ठा।

(२) जुवा खेलाउने" भन्नाले आफ्नो हक, भोग, चलन स्वामित्व वा जिम्मामा रहेको घर, कोठा, ठाउँ वा सवारी साधन जानीजानी उपलब्ध गराई वा जुवा खेल्नको लागि कुनै किसिमको साधन उपलब्ध गराई जुवा खेलाउने व्यक्ति सम्झनु पर्छ।

(३) जुवा खेल्न प्रयोग भएको साधन र जुवाबाट प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेछ।

२९

तर जुवा खेलेको घर, कोठा, ठाउँ वा सवारी साधन जफत हुने छैन।

*(४) कसैले सट्टाबाजी गर्नु वा गराउनु हुँदैन। (सम्बन्धित अदालतले हेर्ने)*

(५) उपदफा (४) को प्रयोजनको लागि कसैले कानून बमोजिम खेल्न खेलाउन हुने कुनै खेल वा प्रक्रियामा खास पक्षले हारेमा वा जितेमा कुनै चल अचल सम्पत्ति वा प्रतिफल पाउने वा गुमाउने गरी बाजी थापेमा सट्टाबाजीको कसूर गरेको मानिनेछ।

(६) उपदफा (४) बमोजिमको कसूर भएमा त्यसमा प्रयोग भएको बिगो जफत गरी कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(७) यस दफा बमोजिमको कसूरमा पटके कायम गर्दा अदालतबाट कसूरदार ठहरेको आधारमा कायम गरिनेछ।

दफा १६५: <u>सामाजिक रीति स्थितिमा खलल पार्न नहुने:</u> (१) कसैले कसैको सामाजिक रीति स्थितिमा खलल पर्ने वा खलल हुने गरी झुक्याई वा जबर्जस्ती गरी कुनै काम गर्न वा गराउन हुँदैन।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि जातीय भेदभाव हुने रीति स्थितिलाई सामाजिक रीति स्थिति मानिने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

दफा २९०: <u>पशुपंक्षी प्रति निर्दयी व्यवहार गर्न नहुने :</u> (१) कसैले कुनै पशुपंक्षीलाई कुटी, हिर्काई वा बोक्न सक्ने क्षमताभन्दा बढी भारी बोकाई वा सामर्थ्यभन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक वस्तु सेवन गराई वा अन्य कुनै प्रकारले यातना दिन वा आफूले पालेको पशुपंक्षी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रूपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गर्न हुँदैन।

तर पशुपंक्षीलाई कुनै काम गर्न सिकाउने, तालिम दिने, त्यसलाई आफ्नो कामप्रति निपुण बनाउने उद्देश्यले न्यूनतम बल प्रयोग गरी कुनै काम गर्न वा पशुपंक्षीलाई त्यसको शारीरिक क्षमता अनुसार कुनै भारी बोकाउन वा दौडाउन बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

दफा २९१: <u>सार्वजनिक स्थलमा पशु वा पंक्षी मार्न नहुने :</u> (१) यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कसैले पनि कुनै पशु वा पक्षीलाई परम्परादेखि बली दिँदै आएको धार्मिक स्थल बाहेक अन्य कुनै पनि सार्वजनिक स्थलमा मार्नु हुँदैन।

तर परम्परादेखि नै पशु वा पंक्षीको वध गर्न चली आएको मेला, जात्रा, हाट वा महोत्सव वा स्थानमा पशु वा पंक्षी मार्न बाधा पर्ने छैन।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सार्वजनिक स्थल" भन्नाले बाटो, सडक, पुल, चौर वा मानिस आवत जावत गर्ने ठाउँ सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम बली दिनुपर्दा परम्परादेखि बली दिदै आएको धार्मिक स्थल बाहेक अन्य सार्वजनिक वा धार्मिकस्थलमा पशु वा पंक्षीको बली दिन सकिने छैन।

(३) उपदफा (१) बमोजिम पशु वा पंक्षीको बली दिनुपर्दा पशु वा पंक्षीको बलीको विकल्पमा हुन सक्ने अन्य उपाय भएमा त्यस्तो उपाय अवलम्बन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको उपाय अपनाउन सम्भव नभई पशु वा पंक्षीको बली दिनु परेमा त्यस प्रयोजनका लागि सम्बन्धित धार्मिक स्थलका व्यवस्थापकले निर्धारण गरेको ठाउँमा र निर्धारण गरेको विधि बमोजिम बली दिने काम गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई एक महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**(३) प्रकरण (१) र (२) मा उल्लिखित मुद्दासँग सम्बन्धित दफा ७५, ७६, ७७, ७८, ७९, ८०, ८२, ८३, ९८ र १०० वमोजिमको कसूर सम्बन्धी मुद्दा,**

**दफा ७५: समाह्वान, इतलायनामा इत्यादिको तामेलीमा बाधा पुर्याउन नहुने:** (१) कानून बमोजिम जारी भएको समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश तामेल गर्दा वा खानतलासी, बरामद वा नाप नक्सा वा सर्जमिन गर्दा वा वारेन्ट बमोजिम कसैलाई पक्राउ गर्दा कसैले पनि बाधा विरोध गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) उपदफा (१) बमोजिमको कसूर राष्ट्रसेवकले गरेको भए निजलाई तीन महिनासम्म थप कैद सजाय हुनेछ।

**दफा ७६: समाह्वान, इतलायनामा, सूचना वा आदेश नबुझी फर्काउन नहुने:** (१) कुनै व्यक्तिलाई निजका नाममा कानून बमोजिम जारी भएको समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बुझाउन ल्याएकोमा निजले त्यस्तो समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बदनियतपूर्वक नबुझी फर्काउन हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ७७: समाह्वान, इतलायनामा, सूचना वा आदेश तामेल हुन नदिई छली हिड्न नहुने:** (१) अधिकार प्राप्त अधिकारीले जारी गरेको समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश बुझ्नु पर्ने व्यक्तिले

त्यस्तो समाह्वान, इतलायनामा, पक्राउ पूर्जी, सूचना वा आदेश तामेल हुन नदिनको लागि बदनियतपूर्वक छली हिड्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ७८: समाह्वान, इतलायनामा इत्यादि च्यात्न वा उप्काउन नहुने:** (१) कसैले कानून बमोजिम टाँसेको समाह्वान, इतलायानामा, पक्राउ पूर्जी, सूचना वा आदेश त्यसको प्रयोजन बाँकी छँदै बदनियतपूर्वक च्यात्न वा उप्काउन हुँदैन।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने वा गराउने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ७९: झुट्टो तरिकाले म्याद तामेल गर्न नहुने:** (१) कानून बमोजिम म्याद तामेल गर्ने वा गराउनु पर्ने कर्तव्य भएको व्यक्तिले झुट्टो तरिकाले म्याद तामेल गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

**दफा ८०: लिखत पेश गर्न इन्कार गर्न नहुने:** (१) कानून बमोजिम कुनै अड्डा, अदालत वा राष्ट्रसेवक समक्ष कुनै लिखत पेश गर्नु पर्ने वा पठाउनु पर्ने कानूनी कर्तव्य भएको व्यक्तिले त्यस्तो लिखत पेश गर्न वा पठाउन इन्कार गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

**दफा ८२: शपथ गर्न इन्कार गर्न नहुने:** (१) अधिकार प्राप्त अधिकारी समक्ष साँचो कुरा व्यक्त गर्न उपस्थित भएको व्यक्तिले त्यस्तो कुरा व्यक्त गर्ने प्रयोजनको लागि शपथ लिन आदेश दिएकोमा त्यस्तो शपथ लिन इन्कार गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ।

**दफा ८३: जवाफ दिन इन्कार गर्न नहुने:** (१) अधिकार प्राप्त अधिकारी समक्ष कुनै विषयमा साँचो कुरा व्यक्त गर्ने कानूनी कर्तव्य भएको व्यक्तिले त्यस्तो विषयमा त्यस्तो अधिकारीले सोधेको प्रश्नपत्रको जवाफ दिन इन्कार गर्न हुँदैन।

तर कसैलाई पनि आफ्नो विरुद्ध बयान दिन कर लाग्ने छैन।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

दफा ९८: झुट्टा उजुरी दिन नहुने: (१) कसैले कसैलाई क्षति पुर्याउने वा हैरान गर्ने नियतले कुनै न्यायिक कारबाही गर्ने अधिकारी समक्ष झुट्टा कुराको दाबी लिई वा अभियोग लगाई कुनै व्यक्तिका विरुद्ध उजुरी वा सूचना दिनु हुँदैन।

(२)उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई जुन कसूरको झुटो अभियोग लगाएको हो त्यस्तो कसूरमा हुन सक्ने सजायको उपल्लो हदको आधासम्म सजाय हुनेछ।

तर नेपाल सरकारवादी हुने मुद्दाको हकमा यस दफाको व्यवस्था लागू हुने छैन।

(३)उपदफा (१) बमोजिमको कसूरबाट पीडित व्यक्तिलाई कुनै किसिमको हानि, नोक्सानी भएमा निजले त्यस्तो कसूरदारबाट क्षतिपूर्ति भराई लिन सक्नेछ।

दफा १००: जमानतको शर्त विपरीत अनुपस्थित हुन नहुने: (१) कुनै कसूरको अभियोग लागि जमानतमा छुटेको व्यक्ति मनासिब कारण बिना जमानतको शर्त विपरीत जमानत दिएको कार्यालय वा अदालतमा अनुपस्थित हुनु हुँदैन।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "जमानत" भन्नाले नगद, जेथा, बैङ्क जमानत वा हाजिर जमानत सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(३) यस दफा बमोजिम अनुपस्थित भएको व्यक्ति निजलाई आरोप लागेको कसूरको कसूरदार ठहरिएमा निजलाई त्यस्तो कसूरमा हुने सजायमा यस दफा बमोजिमको सजाय समेत थप हुनेछ।

(४) कानून बमोजिम हाजिर जमानीमा छुटेको व्यक्ति त्यस्तो जमानत बमोजिम कार्यालय वा अदालतमा नभएमा उपस्थित नभएमा त्यसरी हाजिर जमानी दिने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

७. खाद्य ऐन, २०२३ अन्तर्गतका देहायका कसूर

दफा ५: दण्ड सजाय : (१) दफा ३ वा दफा ४ विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशको अन्य कुनै कुरा उल्लङ्घन गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

(३) कसैले यस ऐन बमोजिमको कुनै कसूर गरी कसैलाई हानि, नोक्सानी पुर्याएमा त्यस्तो कसूरदारबाट सम्बन्धित पीडितलाई मनासिब क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ।

दफा ३: **दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्न मनाहीः** कुनै व्यक्तिले दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न वा सो मध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्न हुँदैन।

दफा ४: **झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्न नहुनेः** कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा अखाद्य पदार्थ वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न हुँदैन।

४कः **खाद्य पदार्थ रोक्न राख्न सकिनेः** (१) कुनै खाद्य पदार्थ दुषित वा न्यूनस्तरको हो भन्ने शंका लागेमा तोकिएको अधिकारीले त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थका धनीलाई नै जिम्मा लगाई त्यसको भर्पाई लिई रोक्का राख सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का रहेको खाद्य पदार्थ दुषित वा न्यूनस्तरको हो भन्ने कुराको निर्णय अन्तिम रुपमा भईसकेपछि दोषको मात्रा, दोषको प्रकृति र त्यसबाट हुनसक्ने हानीको विचार गरी तोकिएको अधिकारीको आदेशले सो खाद्य पदार्थ नेपाल सरकारले लग्न सक्नेछ।

दफा ४खः **अनुज्ञापत्र लिनु पर्नेः** (१) तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, संचय वा प्रशोधन गर्न चाहने व्यक्तिले तोकिए बमोजिम अनुज्ञापत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सिलबन्दी भएका खाद्य पदार्थहरुको हकमा अनुज्ञापत्र प्राप्त उत्पादक वा थोक बिक्रेताबाट तोकिए बमोजिम जमानतपत्र प्राप्त खुद्रा विक्रेताले यस दफा बमोजिमको अनुज्ञापत्र लिनुपर्ने छैन।

दफा ११: **मुद्दा हेर्ने अधिकारी :** दफा ५ को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई र अन्य कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

## ८. जग्गा प्राप्ति ऐन, २०३४ अन्तर्गतका देहायका कसूरः-

८.१ दफा ३९: **दण्ड सजाय :** (१) कसैले दफा ६ बमोजिमको कुनै कारबाही गर्न लाग्दा बाधा बिरोध गरी त्यस्तो काम कारबाही गर्न नदिएमा वा त्यस्तो काम कारबाही गर्न जाने व्यक्तिहरूलाई हुल हुज्जत गरेमा वा हातपात गरेमा वा त्यस्तो काम कारबाहीको सिलसिलामा जडान वा खडा गरिएको कुनै उपकरणलाई तोडफोड गरेमा वा लगाएको वा बनाएको चिन्ह वा नक्सा मेटिदिएमा वा बिगारी दिएमा एक हजार रुपैयाँसम्म जरिबाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

**दफा ६: जग्गा प्राप्त गर्ने सम्बन्धी प्रारम्भिक कारबाहीः** (१) दफा ५ बमोजिम प्रारम्भिक कारबाही चलाउने अधिकारीले सरोकारवाला व्यक्तिको जानकारीको निमित्त देहायका कार्यालय वा स्थानमा एक एक प्रति सूचना टाँस गर्नु पर्नेछ-

(क) सम्बन्धित जग्गाको आसपासमा सर्वसाधारण जनताको बढी आवागमन हुने स्थान,

(ख) सम्बन्धित गाउँपालिका वा नगरपालिका कार्यालय,

(ग) घर र त्यसले चर्चेको कुनै कम्पाउण्ड समेत प्राप्त गर्नु पर्ने भएमा त्यस्तो घर दैला वा कम्पाउण्डको पर्खाल।

(२) उपदफा (१) बमोजिम सूचना जारी भएको तीन दिनपछि कारबाही चलाउने अधिकारीले देहायको कुनै काम कारबाही गर्नको निमित्त आफूले चाहेको सङ्ख्यामा कर्मचारी वा कामदार लिई सम्बन्धित जग्गा वा घर कम्पाउण्ड भित्र प्रवेश गर्न सक्नेछः

(क) त्यस्तो जग्गाको नाप नक्सा लिने वा सर्भे गर्ने,

(ख) त्यस्तो जग्गा प्राप्त गर्न उपयुक्त छ छैन यकिन गर्नको लागि माटो, ढुङ्गा आदिको नमूना सङ्कलन गर्ने, खाडल खन्ने वा बोरिङ्ग गर्ने,

(ग) प्राप्त गर्न उपयुक्त ठहरिएको जति जग्गा छुट्याउन साँध, किल्ला खडा गर्न वा अरू कुनै प्रकारले निशाना लगाउने,

(घ) खण्ड (क) वा (ख) सम्बन्धी कुनै काम कारबाहीको लागि आवश्यक पर्ने कुनै उपकरण जडान गर्ने वा खडा गर्ने।

(३) उपदफा (२) को खण्ड (क) देखि खण्ड (घ) समयको कुनै काम कारबाही गर्दा त्यस्तो जग्गामा लगाएको कुनै बाली वा रुख काट्न वा उखेल्नु परेमा वा कुनै छेकबार वा पर्खाल हटाउनु वा भत्काउनु परेमा प्रारम्भिक कारबाही चलाउने अधिकारीको आदेश प्राप्त गरी कुनै व्यक्तिले सो काम गर्न सक्नेछ र त्यस्तो काम गर्दा भरसक सरोकारवाला व्यक्तिको उपस्थितिमा गर्नु पर्नेछ।

**दफा ५: जग्गा प्राप्त गर्ने कुराको निर्णय र प्रारम्भिक कारबाही चलाउने अधिकारीः** (१) दफा ३, ३क, वा ४ को प्रयोजनको लागि जग्गा प्राप्त गर्ने गरी नेपाल सरकारले निर्णय गरेपछि जुन कार्यालयको निमित्त जग्गा प्राप्त गरिने हो सो कार्यालयको कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृतस्तरको कर्मचारी वा राजपत्राङ्कित वा अधिकृतस्तरको कर्मचारी नभएमा कार्यालय प्रमुखले र कुनै परियोजनाको लागि प्रारम्भिक कारबाही चलाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको निमित्त जग्गा प्राप्त गर्दा उपदफा (१) बमोजिमको प्रारम्भिक कारबाही गर्नको निमित्त संस्थाकै कर्मचारीको मनोनयन होस् भनी सम्बन्धित संस्थाबाट अनुरोध भएमा संस्थाले तोकेको कम्तीमा अधिकृत स्तरको कुनै कर्मचारीले त्यस्तो प्रारम्भिक कारबाही चलाउन पाउने गरी नेपाल सरकारले आदेश दिन सक्नेछ।

**दफा ३: सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने नेपाल सरकारको अधिकारः** नेपाल सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहराएमा यस ऐन बमोजिमको मुआब्जा दिने गरी नेपाल सरकारले जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्नेछ।

**३कः प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलब्ध गराइदिनु पर्नेः** प्रदेश वा स्थानीय तहद्वारा सञ्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले यस ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ।

दफा ४ः **संस्थाको लागि जग्गा प्राप्त गराई दिन सक्नेः** (१) कुनै संस्थाले यस ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी देहाएको कामको लागि कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो संस्थालाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ

(क) संस्थाको कर्मचारी, मजदूर वा कामदार बस्ने घर बनाउन वा निजहरूको सुख सुविधाको अरू बन्दोबस्त गर्न वा सर्वसाधारण जनताको हित हुने कुनै काम गर्न,

(ख) नेपाल सरकारले पूर्ण स्वामित्व भएको संस्थासित सम्बन्धित परियोजना सञ्चालन गर्न वा त्यस्तो संस्थाको कारोबारसित सम्बन्धित वा त्यस्तो संस्थाले उत्पादन गरेको कुनै मालवस्तुसञ्चय गर्नको लागि गोदामघरको निर्माण गर्न।

(१क) प्रदेश सरकारको पूर्ण स्वामित्व भएका संस्थासँग सम्बन्धित परियोजना सञ्चालन गर्न वा त्यस्तो संस्थाको कारोबारसँग सम्बन्धित वा त्यस्तो संस्थाले उत्पादन गरेको कुनै मालवस्तु सञ्चय गर्नको लागि गोदाम घर निर्माण गर्न यस ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन त्यस्तो संस्थाले प्रदेश सरकार समक्ष अनुरोध गरेमा प्रदेश सरकारले त्यस्तो जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ। त्यसरी अनुरोध प्राप्त भएमा नेपाल सरकारले त्यस्तो संस्थालाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ।

(२) उपदफा (१) वा (१क) बमोजिम जग्गा प्राप्त गराई दिन गर्ने संस्थाले देहायका विषयहरूमा मन्जुरीको लिखत नगरुन्जेल यस ऐन बमोजिम जग्गा प्राप्त गर्ने कारबाही चलाइने छैनः-

(क) जग्गा प्राप्त गर्दा लागेको वा लाग्ने भएको खर्च नेपाल सरकारलाई दिने,

(ख) मजदुर वा कालिगडहरू बस्ने घर वा निजहरूको सुख सुविधाको कुनै कामको निमित्त बनाउने भए कहिलेसम्ममा र के कस्तो बनी तयार हुने हो र कति अवधिसम्म कायम राखिने हो,

(ग) अरू कुनै बनाउने कामको निमित्त भए सो कहिलेसम्ममा बनी तयार हुने हो र के कसरी उपयोग गर्न पाउने हो।

(३) उपदफा (१) वा (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्थाले आफ्नो परियोजना सञ्चालन गर्न खेती गर्नु पर्ने रहेछ भने अनुसन्धानको लागि प्रयोगात्मक खेतीको निमित्त बाहेक अन्य खेतीको निमित्त ऐन अन्तर्गत नेपाल सरकारले जग्गा प्राप्त गराई दिने छैन।

(२) कसैले दफा ९ बमोजिम सूचना टाँस गर्दा बाधा विरोध गरेमा वा हुल हुज्जत गरेमा एक हजार रुपैयाँसम्म जरिबाना हुनेछ।

दफा ९ः **जग्गा प्राप्ति गर्ने कुराको सूचना :** (१) दफा ८ बमोजिम प्रारम्भिक कारबाहीको प्रतिवेदन प्राप्त भएपछि प्राप्त गरिने जग्गाको सम्बन्धमा देहायका कुराहरू खाली स्थानीय अधिकारीले सूचना जारी गर्नेछ :-

(क) कुन कामको लागि जग्गा प्राप्त गरिने हो,

(ख) जग्गा मात्र प्राप्त गर्ने हो वा त्यसमा रहेको घर पर्खाल आदि समेत प्राप्त गर्ने हो,

(ग) जग्गा रहेको गाउँपालिका वा नगरपालिकाको नाम र त्यसको वडा नम्बर,

(घ) नापी भइसकेको ठाउँमा भए कित्ता नम्बर,

(ङ) नापी भइनसकेको जग्गा भए जग्गा चिन्हाउन सहायक हुने आवश्यक विवरणहरू र जग्गाको चार किल्ला,

(च) जग्गाको क्षेत्रफल वा माटो मुरी,

(२) उपदफा (१) बमोजिमको सूचनाको एक एक प्रति देहाएको कार्यालय वा स्थानमा टाँस्नु पर्नेछः-

(क) जुन परियोजनाको लागि जग्गा प्राप्त गरिने हो सो परियोजनाको स्थानीय कार्यालय,
(ख) जिल्ला प्रशासन कार्यालय,
(ग) सम्बन्धित गाउँपालिका वा नगरपालिका कार्यालय,
(घ) भूमि प्रशासन कार्यालय वा माल अड्डा,
(ङ) सम्बन्धित जग्गाको आसपासमा सर्वसाधारण जनताको बढी आवागमन हुने स्थान,
(च) स्थानीय अधिकारीले आवश्यक देखेमा अन्य कुनै स्थान।

(३) उपदफा (१) बमोजिमको सूचना प्रकाशित गर्दा कुनै सरोकारवाला व्यक्तिले जानकारी पाउन नसक्ने कुरामा स्थानीय अधिकारी विश्वस्त भई त्यस्तो सरोकारवाला व्यक्तिलाई व्यक्तिगत तवरले सूचना पठाउन उपयुक्त र सम्भव देखेमा त्यस्तो सरोकारवाला व्यक्तिको हकमा व्यक्तिगत तवरले सूचना पनि दिन सक्नेछ र त्यसरी सूचना दिँदा मुआब्जा निर्धारण भई सकेको भए मुआब्जाको रकम बुझ्नको लागि कति दिनभित्र कुन कार्यालयमा उपस्थित हुनुपर्ने हो सो समेत उल्लेख गरिदिनु पर्छ।

(४) उपदफा (१) बमोजिम सूचना टाँस भएपछि सम्बन्धित भूमि प्रशासन कार्यालय वा माल अड्डाले त्यस्तो जग्गाको कुनै किसिमले हक छोड्ने लिखतको रजिष्ट्रेशन रोक्का फुकुवा गर्न स्थानीय अधिकारीबाट भूमि प्रशासन कार्यालय वा माल अड्डामा लेखि आएको रजिष्ट्रेशन फुकुवा गरिनेछ।

दफा ८: <u>प्रारम्भिक कारबाहीको ठहर सम्बन्धी प्रतिवेदन पठाउनु पर्ने:</u> (१) प्रारम्भिक कारबाही चलाएको मितिले पन्ध्र दिनभित्र प्रारम्भिक कारबाही चलाउने अधिकारीले सो कारबाही पुरा गरी प्राप्त गर्न उपयुक्त देखिएको जग्गा यकिन गरी सो सम्बन्धी अन्य आवश्यक विवरण सहितको प्रतिवेदन यथाशीघ्र स्थानिय अधिकारी समक्ष पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पठाउँदा दफा ७ को उपदफा (२) बमोजिम निर्धारित क्षतिपूर्तिको रकम र नोक्सानीको सम्पूर्ण विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(३) दफा १२ को उपदफा (१) वा दफा २५ को उपदफा (३) बमोजिम स्थानीय अधिकारीले जग्गा कब्जामा लिँदा कसैले बाधा विरोध वा हुल हुज्जत गरेमा एक हजार रुपयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

**दफा १२: <u>जग्गा कब्जामा लिने अधिकार:</u>** (१) दफा ९ को उपदफा (१) बमोजिमको सूचना जारी भएपछि दफा ११ को उपदफा (१) बमोजिमको उजुरी परेकोमा उजुरी टुङ्गो लागेपछि र उजुरी नपरेकोमा उजुर गर्ने म्याद नाघेपछि जुनसुकै बखत स्थानीय अधिकारिले सम्बन्धित जग्गालाई कब्जामा लिई जुन कार्यालय वा संस्थाको निमित्त जग्गा प्राप्त गरिएको हो सो कार्यालय वा संस्थालाई दिन सक्नेछ र तत्पश्चात सो जग्गालाई सम्बन्धित कामको निमित्त उपयोगमा ल्याउन सकिनेछ। यसरी जग्गा कब्जामा लिएपछि स्थानीय अधाकरीले सो कुराको सूचना नेपाल सरकारलाई दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जग्गा प्राप्त गर्दा घर समेत प्राप्त गरिएकोमा सो घरमा घरधनी आफै बसी आएको भए निजले पाउने मुआब्जाको रकम निर्धारण भइसकेको भए त्यसको पचास प्रतिशत रकम नदिई र मुआब्जाको रकम निर्धारण भई नसकेको भए

निजलाई आफ्नो बासस्थान अन्यत्र सार्नको निमित्त आवश्यक पर्ने मनासिब माफिकको रकम पेश्की नदिई त्यस्तो घर कब्जा लिन हुँदैन।

दफा ११: <u>जग्गा वालाले उजुर गर्न सक्ने</u>: (१) दफा ९ बमोजिम सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक सात दिनभित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोलि सम्बन्धित जग्गावालाले स्थानीय अधिकारीको कार्यालय मार्फत नेपाल सरकार, गृह मन्त्रालयमा उजुर गर्न सक्नेछ। जग्गावालाको स्वीकृति लिई मोहीले पक्की घर बनाएको रहेछ भने त्यस्तो घर र सो घरले चर्चेको जग्गाको सम्बन्धमा त्यस्तो मोहीले पनि यस उपदफा बमोजिम उजुर गर्न पाउनेछ।

(२) उपदफा (१) बमोजिमको उजुरी उपर नेपाल सरकार, गृह मन्त्रालयले निर्णय गर्नु अघि प्रारम्भिक कारबाही चलाउने अधिकारी र आवश्यक देखेमा स्थानीय अधिकारीको समेत राय बुझी निर्णय गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम परेको उजुरीको सम्बन्धमा निर्णय दिनको लागि साक्षी सरजमिन बुझ्न वा कुनै लिखत कागजपत्र दाखिल गराउन परेमा यस दफा बमोजिम उजुरी सुन्ने नेपाल सरकार, गृह मन्त्रालयलाई जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ।

(४) उपदफा (२) बमोजिमको उजुरीको निर्णय त्यस्तो उजुरी प्राप्त गरेको साधारणतया पन्ध्र दिनभित्र गर्नु पर्नेछ।

**दफा २५: <u>विशेष परिस्थितमा जग्गा प्राप्त गर्न सक्ने विशेष अधिकार</u>:** (१) नदीले एकाएक धार बदलेको वा कुनै दैवी परेको कारणले यातायात वा सञ्चारको साधनलाई यथावत् चालु राख्न वा धनजनको व्यापक क्षतिबाट बचावट गर्न वा अन्य कुनै सार्वजनिक सम्पत्तिको संरक्षणको निमित्त वा अन्य कुनै असाधारण अवस्था परी नेपाल सरकारले कुनै जग्गा तत्कालै प्राप्त गर्नु परेमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सो सम्बन्धमा नेपाल सरकारले निर्णय गरी त्यस्तो जग्गा प्राप्त गर्ने तर्फ कारबाही चलाउन स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कामको निमित्त प्राप्त गर्नु पर्ने जग्गाको सम्बन्धमा दफा ९ को उपदफा (१) मा उल्लिखित कुराहरूमध्ये उपलब्ध भएसम्मका कुराहरू खुलाई सरोकारवाला व्यक्तिहरूको जानकारीको लागि सूचना जारी गर्नेछ र त्यस्तो सूचना जारी गर्दा सरोकारवाला व्यक्तिहरूले शीघ्रातिशीघ्र जानकारी पाउन सक्ने भनि स्थानीय अधिकारीले उपयुक्त ठहराएको तरीकाबाट जारी गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिमको सूचना टाँस भएपछि जुनसुकै बखत स्थानीय अधिकारीले जग्गा कब्जामा लिन सक्नेछ र त्यसरी कब्जामा लिएकै मितिदेखि त्यस्तो जग्गामा नेपाल सरकारको स्वामित्व कायम हुन जानेछ।

**दफा ४०: <u>मुद्दा हेर्ने र पुनरावेदन सुन्ने अधिकारीहरू</u>:** (१) यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

९. दाना पदार्थ ऐन, २०३३ अन्तर्गतको कसूरः-

९.१ दफा ३ः दुषित दाना पदार्थको उत्पादन, बिक्री, वितरण, निकासी, पैठारी तथा संचय गर्न मनाही : कुनै व्यक्तिले दुषित दाना पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी वा संचय गर्न हुँदैन।

९.२ दफा ४ः ढाँटी झुक्याई दाना पदार्थको बिक्री वितरण गर्न नहुनेः कसैले कुनै दाना पदार्थलाई अर्को दाना पदार्थ हो भनी वा कुनै निम्नस्तरको दाना पदार्थलाई माथिल्लो स्तरको दाना पदार्थ हो भनी ढाँटी वा झुक्याई बिक्री वा वितरण गर्न हुँदैन।

९.३ दफा ८ः सजायः यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशको उल्लघंन गर्ने व्यक्तिलाई बीसहजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिबाना वा एक महीनादेखि एक वर्षसम्म कैद हुन सक्नेछ।

दफा १५ः मुद्दा हेर्ने अधिकारी : यस ऐन अन्तर्गतको मुद्दा मामिलाको शुरु कारवाई र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

१०. नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन,२०३७ अन्तर्गतको कसूरः-

१०.१ दफा ८ः प्रमाण-चिन्हको अनुचित प्रयोगमा प्रतिबन्धः (१) इजाजतपत्र प्राप्त नगरी कुनै व्यक्तिले कुनै पदार्थका सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग गर्न हुँदैन। कुनै व्यक्तिले प्रमाण- चिन्हको आकार प्रकारको भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्न हुँदैन।

(२) इजाजतपत्र प्राप्त गरेका व्यक्तिले पनि निर्धारित गुणस्तर अनुकूल नरहेका पदार्थको सम्बन्धमा प्रमाण-चिन्हको प्रयोग वा त्यसको आकार प्रकारका भ्रम हुन सक्ने कुनै चिन्ह प्रयोग गर्न हुँदैन।

१०.२ दफा ९ः परिषद् वा कार्यालयसँग मिल्दोजुल्दो नामको प्रयोगमा प्रतिबन्धः कुनै पनि व्यक्तिले परिषद् वा कार्यालयको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गर्न पाउने छैन।

१०.३ दफा १०ः जनस्वास्थ्य र जन सुरक्षासम्बन्धी पदार्थको गुणस्तर तोक्न सकिनेः (१) औषधि ऐन, २०३५ र खाद्य ऐन, २०२३ बमोजिम स्तर निर्धारण हुने औषधि र खाद्य पदार्थबाहेक अन्य कुनै पदार्थ वा प्रक्रियाको सम्बन्धमा नेपाल सरकारले जनसाधारणको स्वास्थ्य र सुरक्षाको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको मिति देखि लागू हुने गरी त्यस्तो पदार्थ वा प्रक्रियाको उत्पादक वा निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले परिषद्बाट निर्धारण गरिएको गुणस्तर अनिवार्य रुपले अपनाउनु पर्ने गरी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको पदार्थ वा प्रक्रियाको सम्बन्धमा सम्बन्धित उत्पादक वा निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्तिले यस ऐन बमोजिम इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र लिनु पर्नेछ।

१०.४ दफा ११: निकासी पैठारी हुने पदार्थको गुणस्तर तोक्न सक्ने: (१)औषधि ऐन, २०३५ बमोजिम स्तर निर्धारण हुने औषधि बाहेक नेपाल भित्र पैठारी हुने अन्य पदार्थको सम्बन्धमा नेपाल सरकारले सर्वसाधारणको स्वास्थ्य र सुरक्षाको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो पदार्थ परिषद्बाट तोकिएको गुणस्तरको हुनु पर्ने गरी तोक्न सक्नेछ।

(२) नेपालबाट निकासी हुने कुनै पदार्थको सम्बन्धमा अन्तर्राष्ट्रिय व्यापारको प्रवद्र्धनको लागि नेपाल सरकारले आवश्यक देखेमा त्यस्तो पदार्थ परिषद्द्बाट तोकिएको गुणस्तरको हुनु पर्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोक्न सक्नेछ।

१०.५ दफा १३: दण्ड सजाय: (५) यस ऐनको अन्य दफा बर्खिलाप काम कारवाई गर्ने व्यक्तिलाई एकहजार रुपैयाँसम्म जरिबाना वा एक महीनासम्म कैद वा दुवै सजाय हुनेछ।

दफा १५: मुद्दा हेर्ने अधिकारी : यस ऐन अन्तर्गतको मुद्दामा शुरु कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

११.पशु वधशालार मासु जाँच ऐन, २०५५ अन्तर्गतका देहायका कसूरः-

११.१ दफा ३: इजाजतपत्र नलिई पशु वधशाला स्थापना गर्न वा मासु बिक्री गर्न नपाइने: यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि पशु वधशाला स्थापना गर्न वा मासु विक्रेताको काम गर्न पाउने छैन।

११.२ दफा ८: पशु वध गर्नु अघि जँचाउनु पर्ने : (१) कुनै पशु वध गर्नुभन्दा अघि पशु वधशालास्थापना भएको क्षेत्रमा पशु वधशालामा र पशु वधशाला स्थापना नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले तोकेको स्थानमा त्यस्तो पशु जँचाउनु पर्नेछ। पशु जाँच गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम जाँच गरिएको पशु वध गर्न उपयुक्त देखिएमा मासु निरीक्षकले चिन्ह समेत अंकित गरी त्यस्तो पशु वध गर्ने अनुमति दिनेछ।

(३) उपदफा (१) बमोजिम जाँच गरिएको पशु रोगी देखिएमा त्यस्तो पशु वध गर्न मासु निरीक्षकले रोक लगाउन सक्नेछ।

११.३ दफा ९: पशु वधशालामा पशु वध गर्नु पर्ने : (१) दफा ८ बमोजिम वध गर्न उपयुक्त देखिएको पशुलाई पशुवधशालामा वध गर्नु पर्नेछ।

तर प्रचलित कानून बमोजिम निषेध गरिएका दिनमा पशु वध गर्न पाइने छैन।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पशु वधशाला स्थापना नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले तोकेको समय र स्थानमा त्यस्तो पशु वध गर्नु पर्नेछ।

११.४ दफा १०: <u>वध गरिएको पशुको मासु जाँच गर्नु पर्नेः</u> (१) दफा ९ बमोजिम वध गरिएको पशुको मासु मासु निरीक्षकले तोकिए बमोजिम जाँच गर्नु पर्नेछ।

(२) मासु निरीक्षकले उपदफा (१) बमोजिम वध गरिएको पशुको मासु जाँच गर्दा त्यस्तो मासुमा केही खराबी वा रोग भएको पाइएमा त्यस्तो मासु आंशिक वा पूर्णरुपमा बिक्री वितरणको लागि निषेध गर्न सक्नेछ।

(३) यस दफाको प्रयोजनको लागि नेपाल सरकारले मासु जाँच गर्ने प्रयोगशाला तोक्न सक्नेछ।

११.५ दफा ११: <u>मासु बिक्री गर्ने नपाइने :</u> (१) दफा २ को खण्ड (क) मा उल्लिखित पशु बाहेक अन्य पशुको मासु बिक्री गर्न पाइने छैन।

(२) रोग लागि वा नलागी कालगतिले मरेको पशुको मासु बिक्री गर्न पाइने छैन।

(३) छाला सहितको मासु बिक्री गर्न पाइने छैन।

तर पंक्षी, सुंगुर, बंगुर वा बँदेलको मासु र पशुको जात चिनाउन आवश्यक पर्ने जति हिस्साको मासु वा पशुको टाउको वा खुट्टा छाला सहित बिक्री गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

११.६ दफा १२: <u>मासुमा छाप वा चिह्न लगाउनु पर्नेः</u> (१) मासु निरीक्षकले पशुको मासु जाँच गरी मासु बिक्री गर्न अनुमति दिंदा त्यस्तो मासुमा तोकिए बमोजिमको छाप वा चिह्न स्पष्ट देखिने गरी लगाउनु पर्नेछ।

(२) मासु बिक्रेताले उपदफा (१) बमोजिम छाप वा चिह्न नलगाएको मासु बिक्री गर्न पाउने छैन।

११.७ दफा १३: <u>मिसावट गरी मासु बिक्री गर्न नहुने :</u> (१) एक जातको पशुको मासुलाई अर्को जातको पशुको मासु हो भनी वा एक जातको पशुको मासु र अर्को जातको पशुको मासु मिसावट गरी बिक्री गर्न पाइने छैन।

(२) मासुको स्वाभाविक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल बढाउने गरी कुनै पदार्थ मासुमा मिसाई विक्री गर्न पाइने छैन।

दफा २०: <u>मुद्दाको तहकिकात र दायरी :</u> (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात नेपाल सरकारले नियुक्त गरेको मास निरीक्षकले गर्नेछ र तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकिलसित राय सल्लाह लिन सक्नेछ।

**दफा २१: मुद्दा हेर्ने अधिकारी** : यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ र प्रमुख जिल्ला अधिकारीको निर्णय उपर चित्त नबुझने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**१२.पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अन्तर्गतको देहायका कसूरः-**

**१२.१ दफा ९: क्वारेन्टाइन चेकपोष्टको बाटो भएर मात्र पैठारी गर्नु पर्नेः** पैठारीकर्ताले पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री पैठारी गर्दा क्वारेन्टाइन चेकपोष्टको बाटो भएर गर्नु पर्नेछ।

**दफा २१: मुद्दाको तहकिकात र दायरी** : (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात क्वारेन्टाइन चेकपोष्टको कम्तीमा राजपत्र अनंकित प्रथम श्रेणीको प्राविधिक सहायकले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकीलसित राय सल्लाह लिन सक्नेछ।

**दफा २२: मुद्दा हेर्ने अधिकारी** : (१) दफा ९ अन्तर्गतको मुद्दा हेर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यस ऐन अन्तरगतको मुद्दा हेर्ने अधिकार कार्यालय प्रमुखलाई हुनेछ।

**१३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अन्तर्गतका देहायका कसूरः-**

**१३.१ दफा २४: कसूर र सजायः-** (४) कसैले देहाय बमोजिमको कार्य गरेमा त्यस्तो व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना हुनेछ :-

(क) यस ऐन अन्तर्गतको कुनै कार्य गर्न नेपाल सरकार, परिषद्, प्राधिकरण वा यस ऐन बमोजिम गठित कुनै समिति वा त्यस्तो कार्यको लागि अख्तियारी प्राप्त व्यक्तिलाई आफ्नो कर्तव्य पालना गर्न बाधा पुर्याएमा,

(ख) यस ऐन कार्यान्वयन गर्ने सम्बन्धमा जारी भएका आदेश वा निर्देशन पालना नगरेमा,

(ग) राहत सामग्री वितरणमा अवरोध गरेमा वा राहत सामग्रीको दुरुपयोग गरेमा,

(घ) उपदफा (१), (२) र (३) मा उल्लेख गरिएका बाहेक यो ऐन तथा यस ऐन अन्तर्गतको नियम विपरीतको कुनै कार्य गरेमा।

(५) यस ऐन विपरीतको कार्य कुनै सङ्गठित संस्थाले गरेमा त्यस्तो कार्यमा संलग्न त्यस्तो संस्थाको व्यक्तिलाई र त्यस्तो व्यक्ति यकिन नभएमा सो संस्थाको प्रमुख भई कार्य गर्ने व्यक्तिलाई यस दफा बमोजिमको सजाय हुनेछ।

दफा २८: मुद्दा हेर्ने अधिकारी र पुनरावेदन : (१) दफा २४ को उपदफा (४) सँग सम्बन्धित मुद्दाको कारबाही र किनारा प्रमुख जिल्ला अधिकारीले गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

१४. विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ अन्तर्गतका देहायका कसूरः-

१४.१ दफा ३: विदेशमा लगानी गर्नमा प्रतिबन्ध : (१) यो ऐन प्रारम्भ भएपछि कसैले विदेशमा कुनै किसिमको लगानी गर्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले कुनै खास किसिमको लगानीको सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो उपदफामा लेखिएको प्रतिबन्ध नलाग्ने गरी छुट दिन र त्यसरी छुट दिइएको लगानीको किसिम, हद, अवधि र तत् सम्बन्धी अन्य आवश्यक शर्तहरु तोक्न सक्नेछ।

१४.२ दफा ४: दण्ड सजाय : कसैले यो ऐनको वा यस ऐन अन्तर्गत जारी गरिएको सूचना, आदेश वा निर्देशनको उल्लङ्घन गरी कुनै काम कुरा गरेमा निजलाई बिगो बमोजिम जरिबाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

स्पष्टीकरण : यस दफाको तात्पर्यको लागि बिगो भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत जारी गरिएको सूचना, आदेश वा निर्देशनको उल्लङ्घन गरी विदेशमा गरेको लगानीको रकम सम्झनु पर्छ।

(२) उपदफा (१) अन्तर्गत सजाय हुने कसूरमा सजाय पाएका व्यक्तिले सो सजायको आदेशको सूचना पाएपछि पनि सो कसूर हुने काम कुरा जारी राखेमा निजलाई त्यस्तो प्रत्येक दिनको निमित्त रु. ५० पचासका दरले जरिबाना हुनेछ।

१५. शिक्षा ऐन, २०२८ अन्तर्गतका कसूरः-

१५.१ दफा १७: दण्ड सजाय : (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई "मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिबाना गर्न सक्नेछ।

दफा १७ख: मुद्दा हेर्ने अधिकारी : दफा १७ को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मद्दामा प्रमुख जिल्ला अधिकारीले कारबाही र किनारा गर्नेछ।

१६. <u>सामाजिक व्यवहार सुधार ऐन, २०३३ अन्तर्गतका देहायका कसूरः-</u>

१६.१ दफा ३: <u>तिलकमा नियन्त्रणः</u> (१) विवाह हुँदा तिलक लिन दिन हुँदैन।

(२) उपदफा (१) उल्लंघन गर्नेलाई बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा तीसदिनसम्म कैद वा दुवै सजाय हुनेछ।

१६.२ <u>दफा ४ दुलही पक्षले लिन नहुनेः</u> (१) छोरीबेटीको विवाह गरी दिँदा सो बापत दुलही पक्षले आफनो लागि कुनै नगदी जिन्सी लिन हुँदैन।

(२) विवाह हुने छोरीबेटीको लागि दुलहा पक्षले यति गहना, कपडा, नगद-जिन्सी वा जेथा दिनुपर्छ भनी कर लगाउन हुँदैन।

(३) उपदफा (१) उल्लंघन गर्नेलाई बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ। दिनेलाई त्यसको आधासम्म सजाय हुनेछ।

(४) उपदफा (२) उल्लंघन गर्नेलाई दश हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद हुनेछ।

१६.३ दफा ५: <u>दाइजोमा नियन्त्रणः</u> (१) विवाह हुँदा वा विवाह पछि दुलही पक्षबाट दुलही वा दुलहालाई यति नगद जिन्सी दाइजो, दान, बकस, भेटी, विदाई उपहार समेत जुनसुकै रुपमा दिनुपर्छ भनी दुलहा पक्षले कर लगाउन वा यति लिने दिने भनी दुवै पक्षले अगावै तय गर्न हुँदैन र दाइजो दिएन भनी दुलहा पक्षले टण्टा गर्न वा विवाह गर्न इन्कार गर्न वा विवाह भइसकेको भए दुलही विदाई गराई साथ नलग्न वा दुलही पछि मात्र विदाई गराई लग्ने प्रथा भएकाहरुले पछि विदाई गराई लग्न इन्कार गर्न हुँदैन।

(२) विवाह हुँदा जिउमा लगाएको एकसरो गहना बाहेक आफनो कुल परम्परा अनुसार राजीखुशीले दिनेले पनि बढीमा दश हजार रुपैयाँसम्मको मात्र दाइजो दिन हुन्छ।

(३) उपदफा (१) वा (२) उल्लंघन गर्नेलाई लिन दिन नपाउने बिगो भए बिगो जफत गरी दश हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ।

१६.४ दफा ७: <u>जन्त सम्बन्धी नियन्त्रणः</u> (१) बाजावाला लगायत एकाउन्न जनाभन्दा बढी जन्त वा बरियात लान हुँदैन।

(२) जन्तमा कुनै प्रकारको भाडावाल नाच लग्न हुँदैन।

(३) जन्तमा आतसबाजी गर्न हुँदैन।

(४) जन्तमा एघार जना भन्दा बढी बाजावाला राख्न हुँदैन।

(५) यस दफा उल्लंघन गर्नेलाई दश हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ।

१६.५ दफा ८: विवाह भोजमा नियन्त्रण: (१) दुलहा तथा दुलही पक्षबाट आयोजित भोजमा नजीकको नातेदार बाहेक अरु छरछिमेकी इष्टमित्रहरुमध्येबाट एकाउन्न जना भन्दा बढी व्यक्तिलाई आमन्त्रण गर्न हुँदैन।

(२) उपदफा (१) उल्लंघन गर्नेलाई बीस हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनसम्म कैद वा दुवै सजाय हुनेछ।

१६.६ दफा ९: छैंठी, न्वारान, जन्मदिवस, पास्नी, चूडाकर्म, ब्रतबन्ध, बुढो -पास्नीको भोजमा नियन्त्रण:

(१) छैंठी, न्वारान, जन्मदिवस, पास्नी, चूडाकर्म, ब्रतबन्ध, बुढो-पास्नी गर्दा सो कर्मकाण्डसंग सम्बन्धित नजिकको नातेदार बाहेक अरु छरछिमेकी इष्टमित्रहरुमध्येबाट पच्चीस जनाभन्दा बढी व्यक्तिलाई भोजमा आमन्त्रण गर्न हुँदैन।

(२) उपदफा (१) उल्लंघन गरेमा दश हजार रुपैयाँ जरिबाना वा सात दिनसम्म कैद वा दुवै सजाय हुनेछ।

१६.७ दफा १०: पितृ-कार्यको भोजमा नियन्त्रण: (१) कुनै पनि व्यक्तिको मृत्यु उपरान्त गरिने काज किरिया, श्राद्ध एवं अन्य विभिन्न क्रिया गर्दा नजीकको नातेदार र मलामी (गुठियार) बाहेक अरु छरछिमेकी इष्टमित्रहरुमध्येबाट पच्चीस जनाभन्दा बढी व्यक्तिलाई भोजमा आमन्त्रण गर्न हुँदैन।

(२) उपदफा (१) उल्लंघन गर्नेलाई दश हजार रुपैयाँसम्म जरिबाना वा सात दिनसम्म कैद वा दुवै सजाय हुनेछ।

१६.८ दफा ११: दाइजो आदि प्रदर्शन गर्न नहुने: (१) सामाजिक व्यवहार सम्बन्धमा लैजाने वा पठाउने दाइजो लगायत कुनै पनि व्यवहार वा उपहार भडकिलो रुपमा प्रदर्शन गरी लैजान वा पठाउन हुँदैन।

(२) उपदफा (१) उल्लंघन गर्नेलाई पाँच हजार रुपैयाँसम्म जरिबाना वा सात दिनसम्म कैद वा दुवै सजाय हुनेछ।

१६.९ दफा १२: भड्किलो रुपमा घर सजाउन नहुने: (१) सामाजिक व्यवहार गर्दा सो उपलक्ष्यमा चाहिनेभन्दा बढी हुनेगरी भड्किलो रुपमा वत्ती बाली घर सजाउन हुँदैन।

(२) उपदफा (१) उल्लंघन गर्नेलाई दश हजार रुपैयाँसम्म जरिबाना वा सात दिनसम्म कैद हुनेछ।

१६.१० दफा २०: दण्ड सजाय: (२) सरकारी कर्मचारी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको कर्मचारी वा नेपाल सरकारबाट स्थापना गरिएको संस्थान वा संगठित स्वशासित संस्थाका कर्मचारीहरुले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमबमोजिम गर्न नहुने

काम गरे गराएमा यस ऐनमा तोकिएको सजायको अतिरिक्त त्यस्तो कर्मचारीलाई निजको सेवा शर्तसम्बन्धी कानून बमोजिम विभागीय कारवाही समेत गरिनेछ।

१७. <u>कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अन्तर्गतका कसूरः-</u>

१७.१ दफा ३: <u>नाफाखोरीः</u> (१) दफा २ अन्तर्गत मोल निर्धारित भएकोमा बाहेक नेपाल सरकारले तोकेको कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतया सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल वस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई एकवर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै हुन सक्नेछ।

(२) दफा २ मा जुनसुकै कुरा लेखिएको भएतापनि निर्यातमा घाटा उठाई पैठारी गरेका माल वस्तुको हकमा निर्यात गर्दा परेको घाटा समेत उठ्ने गरी उपदफा (१) बमोजिम मुनाफा लिन पाउनेछ।

(३) प्रत्येक थोक वा खुद्रा बिक्रेताले नेपाल सरकारले तोकि दिएको माल वस्तुको मुल्यसूची सबैले देखिने गरी बिक्री स्थलमा टाँग्नु पर्दछ सो नगर्नेलाई १ वर्षसम्म कैद वा जरिबाना वा दुवै हुन सक्नेछ।

१७.२ दफा ४: <u>माल वस्तुको विचलनः</u> नेपाल सरकारले कुनै प्रदेश वा जिल्लामा वितरणका लागि तोकिदिएको कोटाको वा कुनै प्रदेश वा जिल्लामा बिक्री वितरणको लागि आयात गरिएको वा एजेण्ट, डिलर वा रिटेलरको रूपमा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा वा अन्यत्र बिक्री गरेमा वा एजेन्सी वा डिलरसीपको शर्त विरुद्ध वा उपभोक्ताहरूमा समुचित वितरण नहुने गरी कसैले बिक्री गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै हुन सक्नेछ।

१७.३ दफा ५: <u>जम्माखोरी तथा कृत्रिम अभावः</u> बजारमा कुनै मालको कृत्रिम अभाब हुने गरी सो मालको मूल्य वृद्धि गराएर अनुचित नाफा लिई बजारमा बिक्री गर्ने नियतले त्यस्तो माल वस्तु संग्रह गरी बिक्री नगरी जम्माखोरी गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

तर, नेपाल सरकारले अति आवश्यकको भनी राजपत्रमा तोकिदिएको माल वस्तुका सम्बन्धमा सोही अपराध उत्पादक, आयातक वा मुख्य वितरक वा निजहरूको कुनै डिलर वा एजेण्टले गरेमा निजलाई एकबर्षसम्म कैद वा दश लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ।

१७.४ दफा ६: <u>झुक्याई बिक्री वितरणः</u> कमसल माललाई असल माल हो भनी वा एक माल वस्तुलाई अर्को माल वस्तु हो भन्ने भान पारी वा कुनै माल वस्तुमा सो माल वस्तुको स्तर घट्ने गरी

मिसावट गरी सो कुरा नबताई कसैले बिक्री वितरण गरेमा निजलाई नौ महिनासम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिबाना वा दुवै हुन सक्नेछ।

१७.५ दफा ८. जरिबानाको उपल्लो हद र जरिबाना बापतको कैदः (१) जरिबानाको सजाय तोक्दा जरिबाना नतिरेमा सो नतिरे बापत कति समयका लागि कैद हुने हो भन्ने कुरा पनि मुद्दा हेर्ने अधिकारीले आफ्नो निर्णयमा तोक्नु पर्छ।

(२) जुन कसुर गरे बापत जरिबानाको सजाय भएको छ सो कसुरमा कैदको सजाय समेत हुने रहेछ भने उपदफा (२) अन्तर्गत जरिबाना नतिरे बापत पाँच वर्षभन्दा बढी अवधिका लागि कैद तोक्नु हुदैन। जन्म कैद गरिएकोमा जरिबाना बापत थप कैद गरिने छैन।

१७.६ दफा ११. झुट्टा सुराक वा उजुर बापत सजायः कसैले कसैलाई तर्साउने, धम्काउने, बेइज्जत गर्ने, दुःख टण्टा वा झिझ्याहट हुने उद्देश्यले झुट्टा हो भन्ने जानी जानी वा विश्वाश गर्नु पर्ने कारण भई वा झुट्टा प्रमाण बनाई वा मुनासिब आधार वा आशङ्का नभई झुट्टा उजुर गरेमा निजलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुन सक्नेछ।

१७.७ दफा १८. जफत भएको माल वस्तुको बिक्री वितरणः यस ऐन अन्तर्गत जफत भएको माल वस्तुको बिक्री वितरण व्यवस्था नेपाल सरकारबाट हुनेछ र यसरी जफत भएको माल वस्तुबाट नष्ट गर्नु पर्ने भएमा त्यस्तो खर्च सम्बन्धित व्यक्तिसित सरकारी बाकी सरह असुल उपर गर्न सकिनेछ।

दफा १५. मुद्दा हेर्ने अधिकारीः (१) दफा ७ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ।

(२) उपदफा (१) मा लेखिए बाहेकका अन्य दफा बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

१८. संक्रामक रोग ऐन,२०२०अन्तर्गतका कसूरः-

१८.१ दफा २ः विशेष व्यवस्था गर्ने अधिकारः (१) नेपालभर वा त्यसको कुनै भागमा मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारवाई गर्न सक्छ र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरूको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) नेपाल सरकारले मानिसमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ।

(३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट लगिने वा ल्याइने सफर गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता

पशु, पंक्षी वा यात्रुलाई कुनै संक्रामक रोग लागेको छ भन्ने शङ्का लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो यात्रुलाई अस्पताल तथा अन्य स्थानहरूमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा सफर गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेशहरू जारी गर्न सक्नेछ।

**दफा २कः** **विशेष व्यवस्था गर्ने प्रदेशको अधिकारः** (१) प्रदेशभर वा त्यसको कुनै भागमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा प्रदेश सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारबाही गर्न सक्नेछ र सर्वसाधारण जनता वा व्यक्तिहरुको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेशमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ।

(३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रदेश सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट यात्रा गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता यात्रुलाई कुनै संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा जाँचबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो यात्रुलाई अस्पताल तथा अन्य स्थानमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा यात्रा गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेशहरु जारी गर्न सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २ बमोजिम नेपाल सरकारले आदेश जारी गरिसकेको अवस्थामा प्रदेश सरकारले यस दफा बमोजिम आदेश जारी गर्नु पर्ने छैन र त्यस्तो आदेश प्रदेश सरकारले समेत कार्यान्वयन गर्नेछ।

(५) यस दफा बमोजिम प्रदेश सरकारले आदेश जारी गरेको जानकारी नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ।

१८.२ **दफा ३.सजाय :** (१) यो ऐन वा यस ऐन अन्तर्गत दिइएको आदेशलाई अपहेलना गर्ने व्यक्ति उपर १ महीनासम्म कैद वा रु. १००।- सम्म जरिबाना वा दुवै सजाय हुनेछ।

(२) यो ऐन अन्तर्गत अधिकृत व्यक्तिहरूलाई काममा बाधा पुर्याउनेलाई ६ महिनासम्म कैद वा रु. ६००/- सम्म जरिबाना वा दुवै सजाय हुनेछ।

## १९. सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ अन्तर्गतका कसूरः-

### १९.१ परिच्छेद-४. निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरीः

**दफा १२ः** **निरीक्षक सम्बन्धी व्यवस्थाः** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि नेपाल सरकारले नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ।

(२) निरीक्षकले वर्षभरिमा आफूद्वारा गरिएको कामको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

दफा १३: निरीक्षण गर्न सक्ने : (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सुर्ति सेवन गरे वा नगरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरेको नदेखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गर्न सम्बन्धित उत्पादक वा व्यवस्थापकलाई निर्देशन दिन वा ध्यानाकर्षण गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन तथा गराएको ध्यानाकर्षणको पालना गर्नु सम्बन्धित उत्पादक वा व्यवस्थापकको कर्तव्य हुनेछ।

दफा १४: व्यवस्थापकले निरीक्षण गर्नु पर्नेः (१) व्यवस्थापकले आफुसँग सम्बन्धित सार्वजनिक स्थलमा कसैले धुम्रपान वा सूर्ति सेवन गरे वा नगरेको सम्बन्धमा समय समयमा निरीक्षण गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले धूम्रपान वा सूर्ति सेवन गरेको देखिएमा व्यवस्थापकले धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउनु पर्नेछ।

(३) कुनै व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा सो स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारीले र सार्वजनिक सवारीका हकमा त्यस्तो सवारीका यात्रीले व्यवस्थापकलाई धूम्रपान वा सूर्ति सेवन गर्नबाट तुरुन्त रोक लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम व्यवस्थापकले धूम्रपान वा सूर्ति सेवन गरेमा सो थाहा पाउने वा देख्ने व्यक्तिले निरीक्षक समक्ष उजुरी गर्न सक्नेछ।

दफा १५: अनुसन्धान तथा तहकिकातः व्यवस्थापकले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा उत्पादक वा व्यवस्थापकले यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा नगरेको सम्बन्धमा कसैको उजुरी परेमा वा निरीक्षकलाई कुनै स्रोतबाट सो कुराको जानकारी हुन आएमा निरीक्षकले सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा तहकिकात गर्नु पर्नेछ।

**दफा १६: मुद्दा दायर गर्ने :** (१) दफा १५ बमोजिम गरिएको अनुसन्धान तथा तहकिकातबाट उत्पादक वा व्यवस्थापक उपर मुद्दा चलाउनु पर्ने देखिएमा निरीक्षकले त्यसरी अनुसन्धान तथा तहकिकात समाप्त भएको मितिले पच्चीस दिनभित्र मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा दायर गर्दा निरीक्षकले सम्बन्धित सरकारी वकीलको राय लिनु पर्नेछ।

१९.२ परिच्छेद-५ सजाय तथा पुनरावेदन

**दफा १७: सजाय :** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा व्यवस्थापकले देहाय बमोजिम सजाय गर्नु पर्नेछ -

(क) धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक सय रुपैयाँ जरिबाना वा दुवै सजाय गर्नु पर्ने,

(ख) धूम्रपान वा सूर्ति सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम सचेत गराउने वा अन्य विभागीय कारबाही गर्नु पर्ने।

(२) व्यवस्थापकले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजलाई कानून बमोजिम अधिकारप्राप्त अधिकारीले सचेत वा विभागीय कारबाही गर्नु पर्नेछ।

(३) व्यवस्थापकले उपदफा (१) को खण्ड (क) बमोजिम जरिबाना वापत लिएको रकम राजश्व खातामा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम व्यवस्थापक वा अधिकारप्राप्त अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

(५) देहायको अवस्थामा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित व्यक्तिलाई देहाय बमोजिम सजाय गर्नु पर्नेछ :-

(क) दफा ५ बमोजिम सूचना टाँस नगरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना,

| |
|---|
| दफा ५: सूचना टाँस गर्नु पर्ने: व्यवस्थापकले आफुसँग सम्बन्धित सार्वजनिक स्थलको आवश्यकता अनुसार विभिन्न ठाउँमा धूम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ। |

(ख) दफा ७, ८ र ९ बमोजिमको कुनै काम नगरेमा त्यस्तो सुर्तिजन्य पदार्थ जफत गरी पचास हजार रुपैयाँसम्म जरिबाना,

दफा ७: लेबुल, ट्रेडमार्क, र्यापर्स तथा प्याकिङ्ग : (१) उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्यापर्समा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :-

(क) प्रचलित कानून बमोजिम दर्ता गराइएको लेबुल तथा ट्रेडमार्क चिन्ह,

(ख) उत्पादकको नाम, ठेगाना र सूर्तिजन्य पदार्थमा रहेको निकोटिनको मात्रा,

(ग) तोकिएका अन्य हानिकारक तत्व एवं आवश्यक कुराहरु।

(२) उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा र्यापर्समा नाबालकलाई आकर्षण गर्ने कुनै किसिमको लोगो, चिन्ह, शब्द र चित्र राख पाउने छैन।

(३) कसैले पनि अन्य उद्योग तथा उत्पादनको ब्राण्ड तथा ट्रेड नाम राखी सूर्तिजन्य पदार्थ उत्पादन गर्न पाउने छैन।

(४) कुनै उद्योगले चुरोट, बिंडी वा सिगारको आकारमा कुनै पनि वस्तु उत्पादन गर्ने पाउने छैन।

दफा ८: विवरण पेश गर्नु पर्ने : (१) उत्पादकले सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्नु अघि त्यस्तो पदार्थमा भएको निकोटिनको मात्रा, हानिकारक तत्व लगायत अन्य आवश्यक कुराहरुको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) सूर्तिजन्य पदार्थको उत्पादन तथा निकासी पैठारी गर्ने व्यक्तिले प्रत्येक वर्ष आफुले गरेको उत्पादन तथा निकासी पैठारीको विवरण मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

दफा ९: चेतावनीमूलक सन्देश तथा चित्र उल्लेख गर्नु पर्ने : (१) उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, र्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको वाहिरी कुल भागमध्ये कम्तीमा पचहत्तर प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ भन्ने जस्ता व्यहोराको मन्त्रालयले तोके बमोजिम चेतावनीमूलक सन्देश र सुर्तिजन्य पदार्थको सेवनको असरबाट भएको घातक, रङ्गिन चित्र प्रष्ट रुपमा बुझ्ने र देखे गरी नेपाली भाषामा छाप्नु तथा अङ्कित गर्नु पर्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश तथा सङ्केत चिन्ह समय समयमा थप गर्न सक्नेछ।

(३) आयातकर्ताले उपदफा (१) बमोजिमको मापदण्ड पूरा नभएको सूर्तिजन्य पदार्थ आयात गर्न पाउने छैन।

(ग) दफा १० विपरीत कुनै काम गरेमा एक लाख रुपैयाँसम्म जरिबाना,

दफा १०: विज्ञापन तथा प्रायोजन गर्न नपाइने: उत्पादक लगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ.एम., इन्टरनेट, ई-मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन।

(घ) दफा ११ विपरीत कुनै काम गरेमा दश हजार रुपैयाँसम्म जरिबाना,

दफा ११: बिक्री वितरण तथा प्रदर्शनमा बन्देज : (१) कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि सूर्तिजन्य पदार्थको बिक्रेताले कुनै क्रेताको उमेरको बारेमा यकिन हुन चाहेमा निजसँग आवश्यक प्रमाण माग गर्न सक्नेछ र बिक्रेताले माग गरेको प्रमाण पेश गर्नु सम्बन्धित क्रेताको कर्तव्य हुनेछ।

(३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन।

(४) कसैले पनि फुटकर रुपमा चुरोट, बिंडी वा सिगारको खिल्ली बिक्री वितरण गर्न नपाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी व्यवस्था गर्न सक्नेछ।

(५) कसैले पनि निःशुल्क रुपमा सूर्तिजन्य पदार्थ वितरण गर्न वा उपहार दिन पाउने छैन।

(६) नेपाल सरकारले चाहेमा सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न इजाजतपत्र लिनु पर्ने व्यवस्था गर्न सक्नेछ।

(७) कसैले पनि सूर्तिजन्य पदार्थप्रति आकर्षण हुने गरी बिक्रीस्थल सजावट गर्न तथा त्यस्तो पदार्थको प्रदर्शन गर्न पाउने छैन।

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएदेखि बाहेक यस ऐन विपरीत अन्य कुनै काम गरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना।

दफा १८: पुनरावेदन : दफा १७ को उपदफा (५) बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## २०. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अन्तर्गतका कसूर:-

दफा ३९: सजाय:-

(९) दफा ३८ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले दश हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना वा पन्ध्र दिनदेखि तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

(१०) दफा ३८ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

दफा ३८: कसूर:-

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादन तथा बिक्री वितरण गर्ने,

२१. <u>होटल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०७५ अन्तर्गतको कसूरः-</u>

**दफा १०:दण्ड सजायः** (१) दफा ३, ५ वा ७ को बर्खिलाप काम गर्ने होटेल मालिक वा दफा ३ वा ७ को बर्खिलाप काम गर्ने कुनै पसलको मालिकलाई तोकिएको अधिकारीले बढीमा एक लाख रुपैयाँसम्म जरिबाना गर्न र आवश्यक देखिए त्यस्तो होटेल वा पसल बन्द गर्ने आदेश दिन सक्नेछ।

दफा ३: <u>होटेल वा पसलको मालिकले मदिरा बेच्न र खुवाउनमा नियन्त्रण :</u> (१) मदिरा खुवाउने व्यवस्था भएको होटेल वा पसलको मालिकले यो ऐन प्रारम्भ भएपछि दिउँसो १२ बजे भन्दा पहिले र शुक्रबारको हकमा राती १ बजे पछि र अन्य बारको हकमा राती १२ बजे पछि आफनो होटेल वा पसलमा कसैलाई मदिरा विक्री गर्न वा खुवाउन हुँदैन।

(२) होटेल मालिकले शुक्रवारको दिन राती १ वजे पछि र अन्य बारको हकमा राती १२ बजेपछि ग्राहकहरुको निमित्त मनोरञ्जन वा नाच गानको व्यवस्था गर्न हुँदैन।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सो उपदफाहरुमा लेखिएको समयमा आवश्यकता अनुसार घटबढ गर्न सक्नेछ।

दफा ५: <u>होटेल मालिकको कर्तव्य</u>: (१) होटेल मालिकको देहाय बमोजिमको कर्तव्य हुनेछ-

(क) होटेलमा आएका ग्राहकको नाम, नागरिकता, पेशा आएको मिति र ठेगाना समेतको विवरण लेखाउने।

(ख) होटेलमा कोठा खाली भएमा सरुवा वा संक्रामक रोग पीडित ग्राहक बाहेक अरु ग्राहकलाई बस्न दिनु पर्ने।

(ग) होटेलमा आएका ग्राहकलाई मुनासिब माफिकको दाममा शुद्ध तथा पवित्र भोजन खुवाउने।

(घ) ग्राहकलाई आफूले सक्दो सुरक्षा वा हेर विचार गर्ने, गराउने।

(ङ) ग्राहकको मालसामान नगद रुपैयाँ वा अरु कुनै मूल्यवान चीज ग्राहकले जिम्मा दिन चाहेमा ग्राहकले माँग गरेको बखतमा फिर्ता दिने गरी आफनो जिम्मा लिई त्यसको रसीद दिने।

(च) मदिरा बेच्दा वा खुवाउँदा शान्ति सुरक्षाको ख्याल गर्ने।

(छ) होटेल साफ सुग्घर राख्न लगाउने।

(ज) ग्राहकलाई मदिरा खुवाउँदा होस हवास हराउने गरी वा ग्राहकले आफूलाई नियन्त्रण राख्न नसक्ने गरी धेरै मात्रामा मदिरा खुवाउन नहुने।

(झ) मदिरा खुवाउँदा होटेलको भित्री भागमा खुवाउने व्यवस्था गर्ने।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम जिम्मा लिएको मालसामान दैवी घटनाबाट नासिएमा त्यस्तो मालसामानको जवाफदेही होटेल मालिकको हुने छैन।

दफा ७: <u>नाबालक र मदिराले मातेको व्यक्तिलाई मदिरा बेच्न खुवाउन नहुने</u>: अठार वर्ष मुनिका बालबालिका र मदिराले मातिसकेका व्यक्तिलाई कुनै पनि होटेल वा पसलको मालिकले मदिरा बेच्न वा खुवाउन हुँदैन।

(२) दफा ४ को बर्खिलाप काम गर्ने होटेल मालिकलाई तोकिएको अधिकारील "एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सो दफाको बर्खिलाप होटेलमा भैरहेको वा हुने भएको मनोरञ्जन वा नाच गान बन्द गराउनेछ।

**दफा ४. होटेलमा अश्लिल वा लज्जाजनक मनोरञ्जन वा नाच गान देखाउन नहुनेः** होटेल मालिकाले आफनो होटेलमा सार्वजनिक सदाचार वा नैतिकतामा नराम्रो असर पर्ने किसिमका मनोरञ्जन वा त्यस्ता नाच गान देखाउन हुँदैन।

(३) दफा ८ वा ९ को उल्लंघन गर्ने होटेल वा पसलको मालिक वा अन्य कुनै व्यक्तिलाई तोकिएको अधिकारीको आदेशले बढीमा ३ महीनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुन सक्नेछ।

दफा ८ः **खास खास होटेल वा पसल र क्षेत्रमा मदिरा बेच्न र खुवाउन नहुनेः** दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले तोकिए बमोजिमका होटल, पसल वा क्षेत्रमा आवश्यकता अनुसार नेपाल राजपत्र, प्रदेश राजपत्र वा स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकेको होटेल, पसल वा क्षेत्रमा मदिरा बेच्न र खुवाउन निषेध गर्न सक्नेछ।

दफा ९ः **मदिरा खाई मातेको ग्राहकलाई प्रवेश निषेधः** कुनै होटेल वा पसलको मालिकले मदिरा लागी मातेका व्यक्तिलाई जानी जानी आफनो होटेल वा पसलमा प्रवेश गराउन हुँदैन।

२२.प्रमुख जिल्ला अधिकारीसँग सम्बन्धित अन्य विषयहरु:-

२२.१ प्रहरी ऐन, २०१२ :

दफा ८. प्रहरी उपर नियन्त्रण,

दफा १५. उपदफा ३ बमोजिम बिना वारेण्ट प्रवेश वा निरीक्षण गरेमा प्रमुख जिल्ला अधिकारीलाई जानकारी गराउनुपर्ने,

दफा १६. वारेन्ट इत्यादि जारी गर्ने प्रमुख जिल्ला अधिकारीको अधिकार,

दफा १९. सार्वजनिक सभा र जुलुसको व्यवस्था,

दफा २०. बेवारिसी सम्पत्तिको प्रहरीले जिम्मा लिन र त्यसको तायदाती खड़ा गरी प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने प्रत्येक प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

दफा २१. प्रमुख जिल्ला अधिकारीले सम्पत्ति रोक्का गर्ने र इश्तिहार जारी गर्ने,

दफा २२. दफा २१ बमोजिमको सम्पत्ति तोकिएको ६ महिनाभित्र दाबी गर्न नआएमा र सोही दफाको उपदफा (२) बमोजिम लिलाम बिक्री नभएको भए प्रमुख जिल्ला अधिकारीको आदेश बमोजिम सम्पत्तिको लिलाम बिक्री हुने,

दफा २९. सुरक्षार्थ थप प्रहरी खटाउँदा लाग्ने खर्च स्थानीयले तिर्ने बाँडफाँड प्रमुख जिल्ला अधिकारीले गरिदिने,

दफा ३०. बासिन्दाहरूको अनुचित आचरणले गर्दा पर्न आएको नोक्सानीको हर्जानाको दरखास्त पीडित व्यक्तिहरूले प्रमुख जिल्ला अधिकारीलाई दिन सक्ने,

दफा ३२. प्रमुख जिल्ला अधिकारीले त्यस्तो रकम असुल गरी सम्बन्धितलाई बुझाइदिनु पर्छ।

२२.२ नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६

**परिच्छेद ३ः प्रदेश प्रहरीसम्बन्धी व्यवस्था**

दफा १०(१)ः प्रदेश प्रहरीले सार्वजनिक सुरक्षा व्यवस्थापन तथा अपराधको रोकथामसँग सम्बन्धित सूचना सङ्कलन गरेको र सोको आधारमा सुरक्षा व्यवस्था मिलाएको जानकारी प्रदेश मन्त्रालय, नेपाल प्रहरी र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई गराउनु पर्नेछ।

दफा १०(२)ः प्रदेश प्रहरीले अपराध अनुसन्धान गरेको मुद्दा सम्बन्धी मासिक प्रतिवेदन तयार गरी प्रदेश मन्त्रालय, नेपाल प्रहरी र सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ।

**परिच्छेद ४ः परिचालन र सुपरिवेक्षणः**

दफा ११(३)ः जिल्लास्तरमा कार्यरत नेपाल प्रहरीका प्रहरी कर्मचारी सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन्।

५५

दफा १२(४):प्रचलित कानुन र नेपाल सरकारको नीति निर्देशनबमोजिम शान्ति सुव्यवस्था, अपराधको रोकथाम र नियन्त्रण गर्न प्रमुख जिल्ला अधिकारीले जिल्लाको प्रदेश प्रहरीलाई आदेश वा निर्देशन दिन सक्नेछ।

दफा १२(६):जिल्लाको शान्ति सुरक्षाका लागि प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित प्रदेश प्रहरी परिचालन गर्न सक्ने। यसमा जिल्ला स्थित प्रदेश प्रहरी प्रमुखले प्रमुख जिल्ला अधिकारीको निर्देशनमा रही काम गर्नुपर्ने।

दफा १२(९):प्रदेश प्रहरीलाई गरिएको परिचालनको सुपरिवेक्षण नेपाल प्रहरी र प्रमुख जिल्ला अधिकारीसमेतले गर्ने।

दफा १७ : प्रचलित कानुन बमोजिमको काममा प्रमुख जिल्ला अधिकारीलाई सहयोग गर्ने प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

## २२.३ <u>प्रहरी नियमावली, २०७१</u>

नियम ६८: प्रहरीको अनुशासन, आन्तरिक व्यवस्था र अपराध अनुसन्धानको कुरामा बाहेक जिल्लाका सम्पूर्ण प्रहरी कर्मचारीहरू प्रमिख जिल्ला अधिकारीको सामान्य रेखदेख र नियन्त्रणमा रहनेछन्।

नियम ६९: अनुरुप जिल्ला प्रहरी प्रमुखले जिल्ला छोड्नुपूर्व प्रमुख जिल्ला अधिकारीलाई सूचना दिनुपर्नेछ।

नियम ७१: प्रमुख जिल्ला अधिकारीले जिल्ला स्थित मूल र मातहत युनिटको निरीक्षण गर्ने।

नियम ७२:गैरकानुनी जमात, साम्प्रदायिक वा राजनीतिक जुलुशको सामना गर्दा र तत्सम्बन्धी प्रतिवेदन तयार गरी पेश गर्दा जिल्ला प्रहरी प्रमुखले प्रमुख जिल्ला अधिकारीको पूर्व निर्देशन प्राप्त गर्नुपर्दछ।

नियम ७४: तालुक प्रहरी अधिकारीले जिल्ला प्रहरी प्रमुखको चालचलन सम्बन्धी प्रतिवेदन गर्दा प्रमुख जिल्ला अधिकारीको परामर्श लिनुपर्ने।

नियम ७५:जिल्ला प्रहरी प्रमुखलाई सरुवा वा अनुशासनको कारवाही गर्दा अख्तियारवालाले प्रमुख जिल्ला अधिकारीको परामर्श लिन सक्नेछ।

नियम ७६:अपराध नियन्त्रण गर्न छिमेकी सीमावर्ती मुलुकका समकक्षी प्रहरीसँग छलफल गर्न जाँदा जिल्ला प्रहरी प्रमुखले प्रमुख जिल्ला अधिकारीलाई समेत जानकारी गराउनु पर्नेछ।

## २२.४ <u>सशस्त्र प्रहरी ऐन, २०५८</u>

दफा ३५: अधिकार प्रत्यायोजनको व्यवस्था अनुसार सशस्त्र प्रहरी बल सञ्चालन सम्बन्धमा नेपाल सरकार, गृहमन्त्रालयका सचिवलाई प्राप्त अधिकारमध्ये जिल्लाका सम्बन्धमा गृह सचिवबाट प्रमुख जिल्ला अधिकारीलाई केही अधिकार प्रत्यायोजन हुने गरेको छ।

२२.५ <u>नेपाल नागरिकता ऐन, २०६३:</u>

दफा १० र १२ : वंशज, वैवाहिक अंगिकृत, अंगिकृत र गैर आवाशीय नेपाली नागरिकता सम्बन्धी नागरिकता, प्रतिलिपि तथा संशोधन, परित्याग तथा नेपालीले झुट्टा व्यहोरा दर्साई लिएका नागरिकताको बदर, विदेशीले झुट्टा व्यहोरा दर्साई लिएका नागरिकताको बदर हुन नेपाल सरकार समक्ष गृह मन्त्रालयमा राय साथ सिफारिश तथा प्रत्यायोजित अन्य अधिकार,

२२.६ <u>उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७:</u>

दफा ३: दरखास्त परेपछि प्रमखु जिल्ला अधिकारीले निजसँग भएको सबूद प्रमाण र आवश्यकतानसुार साक्षी सर्जमीन समेत बुझी ठाडो फैसला गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

२२.७ <u>कारागार ऐन, २०७९:</u>

दफा ६: आफ्नो जिल्लाभित्र रहेका कारागारको रेखदेख, समन्वय र सुरक्षा प्रबन्ध मिलाउने जिम्मेवारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ।

२२.८ <u>छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८:</u>

दफा ३: छापाखानाको दर्ता र छापाखानाको इजाजतसम्बन्धी कार्य गर्ने।

दफा २६:अनधिकृत तबरले प्रकाशन प्रकाशित गरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना वा छ महीनासम्म कैद वा दुबै सजाय हुनेछ। कसैले परिवर्तन भएको विवरण नसच्याई प्रकाशन प्रकाशित गरेमा त्यस्ता व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले तीन हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

दफा २७: प्रतिबन्धित प्रकाशन वा निषेधित प्रकाशन प्रकाशित गरेमा त्यस्तो प्रकाशक वा सम्पादकलाई सो काम गरेबापत प्रचलित कानुनले कुनै सजाय हुने रहेछ भने सोही बमोजिम सजाय हुनेछ र सो नभएमा दश हजार रुपैयाँसम्म जरिबाना वा एकवर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

२२.९ <u>संस्था दर्ता ऐन, २०३४:</u>

दफा ४: प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण - पत्र दिनेछ। संस्था दर्ता, नवीकरण, अनुगमन एवम् नियमन गर्ने गराउने।

२२.१० <u>वैदेशिक रोजगार ऐन, २०६४</u>:

दफा२१(क): जिल्लामा प्रमुख जिल्ला अधिकारीसमक्ष उजुरी दिन सकिने, प्रमुख जिल्ला अधिकारीले मिल्ने विषयमा छलफल चलाई मध्यस्थता गर्न सक्ने/मिलेको विषय र थप कारबाही गर्नुपर्ने विषय सम्बन्धमा समेत प्रमुख जिल्ला अधिकारीले सात दिनभित्र वैदेशिक रोजगार विभागमा प्रतिवेदन दिनुपर्ने।

२२.११ <u>सार्वजनिक सुरक्षा ऐन, २०४६</u>:

दफा ३: अति संवेदशील सुरक्षाका विषयका सन्दर्भमा कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार कारण भएमा प्रमुख जिल्ला अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा नजरबन्दमा राख्ने आदेश जारी गर्न सक्नेछ।

२२.१२ <u>राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोगसम्बन्धी कार्यविधि, २०६९</u>:

दफा १७: प्रमुख जिल्ला अधिकारीले आफ्नो क्षेत्रभित्र यस कार्यविधि बमोजिम राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्नेछ।

२२.१३ <u>मानवरहित हवाई उपकरण (Remotely Piloted Aircraft Popularly Known as 'DRONE') उडान सम्बन्धी कार्यविधि, २०७५</u>:

दफा १२: उडान इजाजतका लागि निवेदन दिनुपर्ने, ड्रोन अनुमति जारी गर्दा जिल्लामा नागरिक उड्डयन सम्बन्धी कार्यालय भए सो सँग समन्वय गरी अनुमति दिन सक्ने तथा नियमन गर्ने।

२२.१४ <u>हातहतियार खरखजाना ऐन, २०१९</u>:

दफा ३: हातहतियार वा खरखजाना बनाउन वा मर्मत गर्न, निकासी वा पैठारी गर्न, राख्न वा लिएर हिड्न इजाजत दिने तथा नियमन गर्ने।

२२.१५ <u>विष्फोटक पदार्थ ऐन, २०१८</u>:

दफा ४: विष्फोटक पदार्थको उत्पादन गर्न, राख्न, प्रयोग गर्न, बिक्री गर्न, ढुवानी वा परिवहन र पैठारी गर्न चाहने व्यक्तीले दिएको आवेदनपत्र बमोजिम इजाजत दिने तथा नियमन गर्ने।